# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## त्रिवेणी गाउँपालिका
## सल्यान

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## त्रिवेणी गाउँपालिका

## सल्यान

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

त्रिवेणी गाउँपालिका

सल्यान

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ ज्येष्ठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ३४

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्षज्यू,

त्रिवेणी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,

सल्यान।

१. **कैफियत सहितको राय** — हामीले त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ७३ लाख ७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ लाख ४२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२० करोड ९८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३३ लाख ४२ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९९ लाख १५ हजार र पेश्की बाँकी रु.१८ लाख ९ हजार समेत रु.३ करोड ७१ लाख ६५ हजार रहेको छ । त्रिवेणी गाउँपालिकाको गतवर्ष सम्म रु.१२ करोड ८६ लाख बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू

रु.१६ करोड ५५ लाख ६७ रहेको छ । **त्रिवेणी गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने त्रिवेणी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी त्रिवेणी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

# त्रिवेणी गाउँपालिका,

सल्यान जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४३ | ११२ | ३७३०७ | ० | १३ | १४२ | ४३ | ९९ | ३७१६५ | २०९८ | २९९१५ | ३३४२ | ० | ० | ३३२५८ | १८०९ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १२८६०० | ० | २४६ | १२८३५४ | ४८ | ३७१६५ | १६५५६७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम (रु.) |
|---|---|---|---|---|
| १ | २०७९।८० | ४.४ | वडा नं १,४ र ५ को राजश्व दाखिला | १२०४१ |
| २ | २०७९।८० | १०.१ | ६ जनाको अनुगमन खर्च असुल भएको | ३४३७५ |
| ३ | २०७९।८० | १०.९ | २ वटा सहकारीलाई वढि भुक्तानी भएको रकम असुल गरी दाखिला भएको | ६१९६८ |
| ४ | २०७९।८० | १४.१ | श्री जनता मा वि काभ्रालाई वढि निकासा भएको रकम असुल भएको | ३२००० |
| ५ | २०७९।८० | २०.१(क्रम संख्या ३२) | वढि भुक्तानी असुल भएको | १५०० |
| (क) | **चालु वर्षको जम्मा** | | | **१४१८८४** |
| | **गत विगत वर्षतर्फको** | | | |
| ६ | २०७८।७९ | विभिन्न (नाम्स बाट) | विभिन्न (नाम्स बाट) | १९४५६८ |
| ७ | २०७७।७८ | विभिन्न (नाम्स बाट) | विभिन्न (नाम्स बाट) | ५१९५० |
| **ख)** | **गत विगतको जम्मा** | | | **२४६५१८** |
| **(क+ख)** | **कुल जम्मा** | | | **३८८४०२** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय लोकतन्त्र स्थापना गरी लाभ जनतासम्म पुर्याउने समानुपातिक समावेशी र न्यायोचित वितरणद्वारा कानुन राज्य र दिगो विकासको अवधारणा अनुरुप ३ तहको सरकार विचको सहकारिता सहअस्तित्व र समन्वय प्रवर्धन गरी उत्तरदायित्व र जिम्मेवारीको पारदर्शिता निश्चिता गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न २०७३ सालमा यो गाउँपालिकाको स्थापना भएको हो । कर्णाली प्रदेश, सल्यान जिल्ला स्थित १६,६२४ जनसंख्या भएको यो गाउँपालिकामा ११९.११ वर्ग कि.मि. क्षेत्रफल र ६ वडा रहेका छन ।

**(ख) लेखापरीक्षणको उद्देश्य** – लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** – यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।२१ देखि २०८०।०९।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** – लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** – लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** – कार्यालयको आय — व्ययतर्फ रु. ८९ करोड ८२ लाख ७७ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण**

२.१ **प्राप्ति तथा भुक्तानी हिसाब** – सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम त्रिवेणी गाउँपालिका सल्यानले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७९।८०मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था संलग्न अनुसुचि बमोजिम रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६,८९,०२,७५३/- , एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम रु.२,०४,९०,९००/- ,आन्तरीक मामिला तथा कानुन मन्त्रालय रु.३,६०,०००/- र गरिवसंग विशेश्वर रु.४,५०,५००/- गरी रु.९,०२,०४,१५३/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा संलग्न अनुसुचीअनुसार गत वर्षको जिम्मेवारी रु.२,३९,५८,०९९।१६ यस वर्षको प्राप्ति रु.१३,१२,२०,२४५।४५ यस वर्षको भुक्तानी रु.९,९६,२७,००७।७५र बैङ्क मौज्दात रु.२,८८,०५,५८६।५० फरक परेको छ । सुत्र र कार्यालयले एकिकृत विबरणमा पेश गरेको श्रेस्ताको अन्तिम मौज्दात फरक परेको सम्वन्धमा थप एकिन गरी हिसाव मिलान गर्नुपर्ने र सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६,४४,४९,०१६.३४ | ३६,३७,८६,१२७.७१ | ३३,९८,३६,६४३.३४ | ८,८३,९८,५००.७१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४०४९०९१६.८४ | ४९५००६३७३।१६ | ४३९४६३६५१।०९ | ५९५९२६३९।२१ |
| फरक | २३९५८०९९।१६ | १३१२२०२४५।४५ | ९९६२७००७।७५ | २८८०५५८६।५० |

२.५ **कर दायित्व —** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१,२३,८२१/- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| दायित्वको बिबरण | आषाढ मसान्तमा मौज्दात रहेको रकम |
|---|---|
| अग्रीम आय कर | १०,६५९.०० |
| पारिश्रमिक कर कट्टी | ७७,१००.०० |
| बहाल कर | ३१,१७८.०० |
| सामाजिक सुरक्षा कर | ४,८८४.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२३,८२१ |

२.६ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेकोले (म.ले.प.फा.नं.२१२) श्रेस्ता र वैकमा देखिएको फरक रु.१,३८,१५०/- को बैकको हिसाब मिलान बिबरण तयार गर्नुपर्दछ ।

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | २५७६४ | २५७६४ |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | | ० | ० |
| ग २.७, विविध खर्च खाता | ९,७०,४१०.०० | ९७०४१० | ० |
| ग ३.१, स्धानीय तह धरौटी खाता | ५६,५०,३४५.०० | ५६५०३४५ | ० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ४,८०,१३,४१६.२१ | ४८१२५८०३।०१ | ११२३८६।८० |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ३,००,०००.०० | ३००००० | ० |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ४३,९७,३४९.०० | ४३९७३४९ | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २,६१,११९.०० | २६१११९ | ० |
| जम्मा | ५९५९२६३९।२१ | ५९७३०७९०।०१ | |
| **जम्मा** | | | १३८१५० |

२.७ **खर्च बिश्लेषण** – पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.६८,८१,१४९.७० राजस्व बाँडफाँड र अनुदानबाट रु.३५,६३,६०,१२०.३ समेत रु.३६,३२,४१,२७०/- आम्दानी भएकोमा चालु तर्फ रु.२४,६४,३४,६०७.३४ र पूँजिगत तर्फ रु.९,२०,२२,७५९.०० समेत रु.३३,८४,५७,३६६.३४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७१,२५,०९८/- खर्च भएको छ जुन आन्तरिक आयको १०३.५४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.८४प्रतिशत चालु र २५.३३प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको भए पनि सो अनुसार कार्यान्वयन भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

**वजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको, देखिएन .

**खरिद व्यवस्थापन तर्फ**

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेकोमा अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन ।
- उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरी आबश्यक कार्वाही गरेको गरेको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राखुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट

प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको छैन

- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको छैन ।

**विविध तर्फ**

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको को छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको कोष, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३.२ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र. १६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ४ आन्तरिक आय

४.१ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।यस्ता आय शीर्षक मध्ये केही आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भुमिकर/मालपोत | ७,३०,०००।०० | ५,२७,६६२।५८ | ७२।२८ |
| वहाल कर | २,५०,०००।०० | १,३०,४२५।०० | ५२।१७ |
| व्यवसाय कर | १,५०,०००।०० | ३०,३७५।०० | २०।२५ |

| | | | |
|---|---|---|---|
| अन्य क्षेत्रको आय | १०,००,०००।०० | ३३,४५,९९६।८६ | ३३४।६० |
| अन्य दस्तुर | ६,२०,०००।०० | २,९४,५०३।३० | ४७।५० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । यसरी पालिकाले विभिन्न शिर्षकबाट प्राप्त गर्ने राजस्व सम्बन्धित शिर्षकमा नै पर्नेगरि अभिलेख राख्नु पर्नेमा अन्य राजस्व शिर्षकमा राखेको छ र यस्तो कार्य नियन्त्रण गरिनु पर्दछ । साथै आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४.२ **रसिद नियन्त्रण खाता** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा पठाउने गरेको जसमध्ये आ व २०७९।८० मा आम्दानी मालपोत नदी जन्य र एम्बुलेस गरि कुल २६० ठेली छपाइहरु गरेका छन । ती मध्ये १४० प्रयोग भइ राजस्व संकलन गरेको र १२० प्रयोग नै नभएको देखिन्छ । रसिद नियन्त्रण खाता नराखेकोले प्रयोग भएका सवै रसिद आम्दानीमा आए नआएको एकिन हुने अबस्था रहेको देखिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण राखी राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

४.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३०,३७५।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४.४ **राजस्व असुली**

***........... (प्रारम्भिक प्रतिवेदन उपर  राजश्व असुल गरी दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८०/१२/१२ को निर्णयबाट रु..१२,०४१ सम्परीक्षण गरिएको ।)***

४.५ **नदीजन्य पदार्थको कर –** त्रिवेणी गाउँपालिकाले आफ्नो आन्तरिक राजश्व बढाउन आ.इ इ गरि ठेक्कामा ढुङ्गा गिटी बालुवाको उत्खनन गरी आन्तरिक राजश्व बढाउनु पर्नेमा मिति २०७९।४।१२ को कार्यपालिका बैठकमा नदीजन्य पदार्थको उत्खनन् तथा निकासी सम्बन्धमा विभिन्न प्रकारका समस्या सिर्जनाको कारण देखाइ आ. व. २०७९।८० मा ठेक्का प्रक्रिया नगर्ने र पालिका आफैले दुई जना कर संकलक नियुक्त गरी ढुँगा, गिट्टी, बालुवा बिक्री गर्ने निणर्य गरेको देखिन्छ । कार्यालयबाट रसिद काटि ढुङ्गा गिट्टी तथा बालुवाको कर संकलन गर्ने निर्णय गरेको साथै संकलन गरेको रकमको अधिकत्तम २० प्रतिशत रकम कमिशन प्राप्त गर्ने गरि पहिला २ जना र पछि १ जना थप गरि जम्मा ३ जना कर संकलक नियुक्त गरी आ व २०७९।८० मा ढुङ्गा गिट्टी तथा बालुवाबाट रु.१७,२०,०१६।०० मात्र राजस्व संकलन गरेको देखिन्छ ।यसरी राजस्व संकलन गर्दा उत्पादन गरेको ढुङ्गा गिटी बालुवाको परिणाम र राजस्व बीच एकिन गर्न नसकिने हुदा ठेक्का प्रक्रियाबाट नै बिक्रि गरिनु पर्दछ । साथै विगत वर्षको स्वप्निल कन्सट्रक्सबाट ढुङ्गा

गिट्टी बापत असुल गर्न बाकी राजस्व रु.८,०४,३७५।०० असुलीको लागि ताकेका गरेको नदेखिएकोले ताकेता गरि असुल गर्नु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,०४,३७५ |

## ५ बजेट तथा कार्यक्रम

५.१ **बजेट सीमा निर्धारण समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा समितिले २०७९।२।१९ मा एक आर्थिक बर्षको बजेट प्रक्षेपण गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रु ४६ करोड ८३ लाख ४८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१६ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९। ३।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान पश्चात कार्यक्रम कार्यान्वन गर्नुपर्दछ ।

५.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल २०९ योजनामा वजेट विनियोजन गरेको छ। विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५ योजना

कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३० | ६ | १७ | ७ |
| २. | वडास्तरीय | १७९ | ० | ४ | १७५ |

५.४ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- कार्यालयले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.९ करोड २० लाख २३ हजार भएकोमा प्रथम त्रैमासिकमा खर्च शुन्य रहेको , दोश्रो त्रैमासिकमा ४० लाख ७४ हजार.तेश्रो त्रैमासिकमा रु २ करोड रु ४१ लाख ८१ हजार, चौथो त्रैमासिकमा रु ६ करोड ३७ लाख ६७ हजार. र असार महिनामा मात्रै रु ३ करोड. ५९ लाख ९४ भएको देखिन्छ। चौथो त्रेमासिक खर्च ६९.२९र आषाढ महिनाको खर्च ३९.११ रहेकोले बर्षान्तमा खर्चदर उच्च रहेको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७९ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट योजना तथा कार्यक्रम संसोधन गरी रु. ५ करोड २९ लाख ४२ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ११. ३० प्रतिशत हुन्छ। योजना तथा कार्यक्रम स्विकृत भैसकेपछी सो कार्यन्वयन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा योजना संसोधन गरी रकमान्तर गर्नु उचित होइन ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ

५.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** – स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासकाविवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन र आन्तरसम्बन्धित क्षेत्र मा सबैभन्दा बढी ९४.६६प्रतिशत र पूर्वाधार विकास मा सबै भन्दा घटीमा ४२.३८प्रतिशत रहेको छ । क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,७०,८०,०००.०० | ३,४५,९४,८२८.०० | ९३.३ |
| २ | पूर्वाधार विकास | १०,५४,१४,४४५.३० | ४,४६,७६,००२.०० | ४२.३८ |
| ३ | सामाजिक विकास | २०,५१,३२,५००.०० | १७,४५,५१,२७६.२० | ८५.०९ |
| ४ | सुशासन र आन्तरसम्बन्धित क्षेत्र | २,२४,९३,०००.०० | २,१२,९२,१३०.०० | ९४.६६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | ८,२४,८६,०००.०० | ६,३३,४३,१३०.१४ | ७६.७९ |
| जम्मा | | ४५,२६,०५,९४५.३० | ३३,८४,५७,३६६.३४ | ७४.७७ |

६ **संगठन तथा कर्मचारी व्यवस्थापन**

६.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्नेमा पालिका गठन हुदा संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दि बमोजिम कार्य सञ्चालन हुदै आएको छ । सो वमोजिम पालिकाको कुल ३० कर्मचारी दरबन्दी रहेकोमा २०८०।०३।३१ सम्म २४ जना दरबन्दी स्थायी पदपूर्ति भई ६ पद रिक्त रहेको छ । दरबन्दी बमोजिम जनशक्तिको समयमा पूर्ति नहुँदा पालिकाको कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

६.२ **कर्मचारी व्यवस्था**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी संलग्नअनुसुची अनुसार तलव भत्ता रु.१३,०६,९४२/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| **पद** | **तलव भत्ता रु.** |
|---|---|
| सव इन्जिनियर | ४५१४९० |
| असिष्टेन्टसव इन्जिनियर | ८५५४५२ |
| | १३०६९४२ |

| | |
|---|---|
| अनियमित भएको | १३,०६,९४२ |

६.३ **तलवी प्रतिवेदन** – निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १७ जना कर्मचारीको रु.१,३९,८७,७६८.२० र पालिकाका २४ जना कर्मचारीको रु.१,३९,५१,९०५.१समेत रु.२,७९,३९,६७०/- खर्च लेखेको छ । सभावाट तलवी प्रतिवेदन पारित भएतापनि सो सम्बन्धि कानुनि ब्यबस्था भएको देखिदैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

६.४ **अवकास कोष—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ ।

## ७ सम्पत्ति उपयोग र संरक्षण

७.१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो स्थानिय तहमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| **सम्पत्ति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** |
|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | -- |
| सवारी साधन दुइ पाङग्रे | २१ | ४,२०६,३९३.९२ |
| सवारी साधन चार पाङग्रे | २ | ५,५९०,२६५.४१ |
| एम्वुलेन्स | २ | १,८९६,६९६.०० |

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ वमोजिम सरकारी कार्यालयको नाममा रहेको घर जग्गाको लगत राख्नुपर्नेमा पालिकाको घर जग्गाको लगत पुर्ण रुपमा अभिलेख राखेको देखिएन र मुल्य नखुलेका सम्पति तथा सामानको मुल्य खुलाइ अभिलेख राखेको पाईएन ।
- सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपर्युक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपर्युक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले भवन निर्माण गर्दा स्विकृति लिएको देखिएन ।

- **इन्धनको अभिलेख** – पालिकाले यस बर्ष इन्धन (पदाधिकारी) रु.१२,६६,५९८.०० र इन्धन (कार्यालय प्रयोजन)मा रु.११,७६,२७१.०० गरी रु.२४,४२,८६९/- -खर्च भएको छ । सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको विवरणसंग सम्बन्धित कुपनहरुको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS राखिनुपर्दछ ।
- **जिन्सी निरीक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८०।४।१७ जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने ४ आइटमका सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने १४ आइटमका सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्नेमा लिलामी प्रकृया नै शुरु गरेको पाइएन ।

७.२ **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण -** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

## ८ कानून निर्माण एवं कार्यान्वयन

८.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ४ वटा नियमावली, २४ कार्यविधि २ निर्देशिका लगायत ४६ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । राजस्व सङ्कलन तथा खर्च व्यवस्थापन तथा वेरुजु लाई फस्यौट गर्न अति आवश्यक कानुन जस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन बनाएको देखिएन । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्रासिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

८.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा

विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउँने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउँन बाँकी ६ र यो वर्ष थप भएको २३ गरी कुल २९ विवाद दर्ता भएकोमा १९ वटा मात्र फस्यौंट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउँनुपर्दछ ।

९ **पेश्की व्यवस्थापन**

**पेश्की बाँकी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फस्यौंट गर्नु पर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस बर्ष निम्नानुसार म्याद ननाघेको पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्यौंट हुन बाँकी रहेकोले नियमानुसार फछ्यौंट हुनुपर्ने देखिएको छ ।

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | कार्य | पेश्की रकम म्याद ननाघेको | पेश्की रकम म्याद नाघेको |
|---|---|---|---|---|
| २०८०/०१/३१ | तरुण निर्माण सेवा | खज्जर लिफ्ट खानेपानी आयोजना | | ८,६३,८७०.० |
| २०८०/०२/०९ | जिज्ञासु बि.सी. निर्माण सेवा | वडा नं ६ काे वडा कार्यालय भवन निर्माण | | ६,९४,४००.०० |
| २०७९।१०।१५ | हिराचन एम पि सौभाग्य जे भि | १५ वेडको अस्पताल निर्माण | १५०९६९०० | |
| | | | पेश्की | १५,५८,२७० |

१० **पालिका चालु**

१०.१ **अनुगमन खर्च-** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन,२०७७ को दफा १६ मा ऐनमा पदाधिकारी तथा सदस्यले तोकिएको भन्दा वढी सुविधा लिन नहुने ब्यबस्था छ।देहाय पदाधिकारीले ऐनमा भएको ब्यबस्था वमोजिम अनुगमन खर्च वापत माशिक सुविधामा भुक्तानी लिइसकेको अवस्थामा छुट्टै योजना अनुगमन वापत वैठक भत्ता भनी रकम लिएको देखिएकोले दोहोरो तथा नपाउने सुविधा देखीएकोले असुल गर्नुपर्ने रु.

| गो भौ नं मिति | पदाधिकारीको नाम | कार्य | कर कटाइ भुक्तानी रकम |
|---|---|---|---|
| १६।२०८०।३।२४ | सिता खड्का | योजना अनुगमन वैठक खर्च | ११४७५ |

| | | | |
|---|---|---|---|
| | राम बहादुर वुढा | | ८९२५ |
| | अमरसिह ववाल | | ११४२५ |
| | शिवराज गोसाई | | ११४२५ |
| | राजेश खड्का | | ११४२५ |
| ५२।२०८०।३।२४<br>२१।२०८०।३।२४ | सिता खड्का | | २८०५० |
| | राम बहादुर वुढा | | २१६७५ |
| | अमरसिं ववाल | | २८०५० |
| | शिवराज गोसाई | | २८०५० |
| | सुर्य प्रकास ओली | | ६३७५ |
| | डम्वर घर्ति | | २१२५ |
| जम्मा | | | १६९००० |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०।१२।१२ को निर्णयबाट रु.३४,३७५ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६९,००० |

१०.२ **सिधै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली,२०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई कुल विनियोजन भएको रु.२७,३०,०००.०० मध्ये रु.२६,५४,२९४.०० खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ। यस सम्वन्धमा केही उदाहरण निम्न छन ।

| गो भौ नं मिति | आपुर्तिकर्ता | बिबरण | खर्च रकम |
|---|---|---|---|
| १६४।२०७९/११/०३ | गीता प्रिण्टिङ प्रेस, | छपाइ सम्बन्धी कार्य वापतको | २,११,८५०.०० |

| | | | |
|---|---|---|---|
| | जय कुमाखी अफसेट प्रेस एण्ड स्क्रीन प्रिन्ट | | |
| १७५।२०७९/११/१६ | कर्णाली छापाखाना | स्थानीय राजपत्र छपाइ | १,८१,४१०.०० |
| १९९। २०७९/१२/१२ | शंकर राना | डा नं ५ काे वडा कार्यालय व्यवस्थापन तथा अाधारभूत स्वास्थ् सेवा केन्द्र संचालन | २०३८२० |
| ४४।२०८०/०३/२० | सरीकाेट स्वास्थ्य चाैकि, त्रिवेणी स्वास्थ्य चाैकि | स्वास्थ्य संस्थाकाे लागि मसलन्द तथा कार्यालय संचालन खर्च | १,२०,०००.०० |
| ४०३।२०८०/०३/२४ | अस्मिता पेपर प्रिन्ट अर्डर सप्लायर्स | राजपत्र तथा याेजना किताब छपाइ | २,१०,१८०.० |

१०.३ **औषधि खरिद** – पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ ।पालिकाले सिलवन्दी वोलपत्रवाट औषधि खरिद गरिसकेपछि पनि चालु बजेट उप शिर्षकबाट देहाय वमोजिम फर्मसँग रु.१४,९७,९२९।०० को औषधि सिधै खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खपत र मौज्दातको अवस्था यकिन हुनेगरी अभिलेख राख्ने र प्रतिश्पर्धाको आधारमा औषधिको खरिद गरीनु पर्ने रु.

| गो भौ नं मिति | आपुर्तिकर्ता | बिबरण | खर्च रकम |
|---|---|---|---|
| २।२०७९/०६/१० | जय माता मेडिसिन सप्लार्यस | स्वास्थ्य चाैकिहरूकाे लागि अत्यावश्यक अाैषधि खरीद | ९,९८,५७४.० |
| ३०।२०७९/०९/२५ | गंगा मेडिसिल्स प्रा.ली | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | ४,९९,३५५.० |
| | | | १४९७९२९ |

| | |
|---|---|
| अनियमित भएको | १४,९७,९२९ |

१०.४ **परामर्श सेवाको लागत अनुमान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सोसम्बन्धी नर्म्स, परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, काम सम्पन्न गर्ने लाग्ने समय तथा परामर्श

सेवाका जनशक्तिको पारिश्रमिकको आधार खुलाइ अनुसुची १ क को ढाँचामा लागत अनुमान तयार गरी सोहि नियमावलीको नियम १४ ( २) वमोजिम स्विकृत गर्नुपर्ने व्यबस्था छ ।पालिकाले स्विकृत नर्म्स तथा पारिश्रमिकको आधार खुलाई देहाय वमोजिम लागत अनुमान तयार गरेको नदेखिएकोले अनियमित रु.

| गो भौ नं मिति | आपुर्तिकर्ता | बिबरण | खर्च रकम |
|---|---|---|---|
| ५०।२०७९/१२/०८ | एमफेसिस टेक फाउन्डेशन | वडा सिफारिस सफ्टवेयर खरीद तथा जडान कार्य | ४,९७,२००.०० |
| १७६।२०८०/०२/३१ | ए एण्ड ए कन्सल्टेन्सी | प्रारम्भिक वातावरणीय परीक्षण (IEE) | ४,९९,४६०.०० |
| | | | ९९६६६० |
| | | अनियमित भएको | ९,९६,६६० |

१०.५ **ईन्धन खर्च-** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ को अनुसुचि १ मा अध्यक्ष सवारी साधनलाई माशिक ७०० लिटर डिजल उपाध्यक्ष माशिक ७० लिटर डिजल डिजल र वडाध्यक्ष माशिक १५ लीटर पेट्रोल सवारी इन्धन पाउने व्यबस्था छ । त्यस्तै अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकामा पदाधिकारी को लागी १ वटा हलुका सवारी साधन र५ वटा मोटर साईकल र कार्यालयको प्रयोजन १ सवारी साधन तथा मोटरसाइकल २२ प्रयोग भएको देखिएको छ । ,सो को लागी यस वर्ष इन्धन (पदाधिकारी) मा रु.१२,६६,५९८/- र इन्धन (कार्यालय प्रयोजन) मा रु.११,७६,२७१/- गरी रु.२४,४२,८६९/- वजेट खर्च गरेकोमा सालाखाला इन्धन (पदाधिकारी) मा रु.८,३३,७५५/- र इन्धन (कार्यालय प्रयोजन) रु.११,७६,२७१/- वढी खर्च भएको देखिएको छ । पदाधिकारी तथा सदस्य सुविधा सम्बन्धी ऐन, २०७७ र अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड भित्र रहि ईन्धन खर्च खर्च गरीनुपर्दछ ।

| बिबरण | इन्धन (पदाधिकारी) | | | इन्धन (कार्यालय प्रयोजन) | | |
|---|---|---|---|---|---|---|
| | इन्धन वार्षिक परिमाण | औसत दर | बार्षिक रकम | इन्धन वार्षिक परिमाण | औसत दर | बार्षिक रकम |
| पिकअप पदाधिकारी २ | ७०*१२ *२ = | १४९ | २५०३२० | | | |
| मोटरसाइकल ६ वडाध्यक्ष | १५*१२= | १६९ | १८२५२० | | | |
| पिकअप २ | | | | १००*१२ | १४९ | ३५७६०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मोटरसाइकल २१ | | | | १०*१२= | १६९ | ४२५८८० |
| निजि मोटरसाइकल ५ | | | | १०*१२= | १६९ | १०१४०० |
| जम्मा | | | ४३२६८३ | | | ८८४८८० |
| वजेट खर्च | | | १२६६५९८ | | | ११७६२७१ |
| वढी खर्च | | | ८३३७५५ | | | २९१३९१ |

१०.६ **जिन्सि दाखिला नगरी भुक्तानी** – नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।७।२० को निर्णयबाट आर्थिक बर्ष २०७७।७८ बाट अनिवार्य रुपमा नेपाल सरकारको तीनै तहका सबै सरकारी कार्यालयहरुले प्रयोग गर्न सक्ने गरी सरकारी सम्पतिको लेखाङ्कन र प्रतिवेदन तयार गर्न सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) लागू हुने गरेको छ।सो मिति पश्चात भएका जिन्सि सम्बन्धि भुक्तानीमा अनिवार्य पाम्समा अभिलेख पश्चात भुक्तानी हुनेमा पालिकाले वडा कार्यालयको लागी खरिद भएका समानहरु पाम्समा दाखिला नगरी भुक्तानी दिएकोले दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ नं मिति | बिबरण | रकम |
|---|---|---|
| ६६।२०७९।८।२५ | वडा नं ४ कार्यालय समाग्रि | २५३०० |
| ७२।२०७९।८।२८ | वडा नं ३ कार्यालय समाग्रि | २५२६० |
| २७२।२०८०।२।२१ | वडा नं २,३,४,५ कार्यालय समाग्रि | १००००० |
| ३२५।२०८०।३।१४ | वडा नं ५ कार्यालय समाग्रि | २९००० |
| ३३२।२०८०।३।१५ | स्वास्थ्य चौकी कार्यालय समाग्रि | ८६१०६ |
| ३५५।२०८०।३।२० | स्वास्थ्य चौकी कार्यालय समाग्रि | १००००० |
| | | ३६५६६६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६५,६६६ |

१०.७ **दैनिक भ्रमण भत्ता खर्च** – भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने ,भ्रमणबाट फर्केपछी उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वश्रीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । त्यस गाउँपालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु.२७,९३,१३७।०० खर्च लेखेको देखियो । कार्यालयले भ्रमण अभिलेख खाता राखेको छैन । यो वर्ष के कति कर्मचारीलाई के कति वटा भ्रमण आदेश जारी भएको थियो भनि यकिन गर्ने स्थिती देखिएन । भ्रमण अभिलेख खाता अनिवार्य राख्नु पर्दछ ।

१०.८ **बिबिध खर्चः** –महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शिर्षकमा रु.५३,६४,०००.०० बजेट व्यवस्था गरेकोमा सो मध्ये खाजा खाना खर्चमा रु.१६,४५,६५९/- खर्च गरेको छ । उक्त खर्चमा होटलको बिल पेश हुने गरेको र बिलमा खाजा, खाना, नास्ता लगायत समाबेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र गरेको र खाजा खर्चको मापदण्ड समेत लागु गरेको देखिएन । खर्चका प्रत्येक बिलमा खर्चको मापदण्ड समेत विचार गरी के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।यस सम्बन्धि केही उदाहरण निम्न छन ।

| गो भौ नं मिति | आपुर्तिकर्ता | विबरण | रकम |
|---|---|---|---|
| ४९।२०७९/०७/२५ | के.सी रेस्टुरेन्ट एण्ड सेकुवा कर्नर, शम्भु एण्ड माधब कटेज समेत | खाना खाजा वापतको रकम | ३,०१,४६५.०० |
| २०५।२०७९/१२/१३ | के.सी रेस्टुरेन्ट एण्ड सेकुवा कर्नर, शम्भु एण्ड माधब कटेज समेत | खाना खाजा वापतको रकम | २,५२,६६०.० |
| ३९२। २०८०/०३/२३ | चन्द्रकला रावत, संगम वली | खाना खाजा वापतको रकम | १,००,०००.०० |
| ३९४। २०८०/०३/२३ | शम्भु एण्ड माधब कटेज | खाना खाजा वापतको रकम | १,९३,३२५.० |

१०.९ त्रिवेणी गाउँपालिकाको कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम पालिकाले अनुदान दिदा निर्माण कार्यमा ७० प्रतिशत लागत अनुदान पालिकाले व्यहोर्ने र ३० प्रतिशत लागत सहभागिता लाभग्राहिको रहने व्यवस्था छ । पालिकाले व्यवसायिक फलफूल प्रवर्द्धन कार्यक्रम र कृषिजन्य बस्तु प्रशोधन केन्द्र निर्माण सहयोग कार्यक्रमको लागि अनुदान दिदा देहायका कृषि फर्म/ कृषक समुहलाई कार्यविधि विपरित घटि लागत सहभागिता हुनेगरि भुक्तानी दिएकोले बढि भुक्तानी गएको देखिन्छ । यसरी बढि हुन गएको भुक्तानी सम्बन्धित बाट असुल हुनुपर्ने रु.

| **गो.भौ.नं** | **कृषक फर्म/ कृषक समुह** | **खुद भएको काम** | **भुक्तानी भएको रकम रु** | **हुनुपर्ने रकम रु** | **बढी भएको रु** |
|---|---|---|---|---|---|
| ७।२०७९।१२।०२ | कर्णाली फूड एण्ड बेभरेज इन्डष्ट्री | ३५५४३५।६० | २९७९८६।८७ | २४८८०४।५० | ४९१८२।३७ |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.३७,५१९/- र मिति २०८०/१२/१२ को निर्णयबाट रु.२४,४४९/- समेत रु.६१,९६८/- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,१८२ |

१०.१० **पालिका अनुदान शिक्षक** -अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक , कर्मचारी , तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएको छ । दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षक, कर्मचारी, र वालबिकास शिक्षकलाइ कानुन समेत निर्माण नगरी यस वर्ष रु.७४,९९,८००/- पारिश्रमिक भुक्तानी गरेको छ । उल्लेखित ऐन विपरीत पालिकाले बिद्यालय समायोजन तथा शिक्षक दरवन्दि मिलान नगरी र शिक्षक बिद्यर्थि अनुपात समेत बिश्लेषण नगरी पालिका अनुदान शिक्षक ब्यबस्था गरी पारिश्रमिक भुक्तानी दिन मिल्ने नदेखिएकोले नियमसम्मत नदेखिएको रु

| गो .भौ. नं. र मिति | विवरण | भुक्तानी रकम रु. |
|---|---|---|
| २।२०७९।६।९ | ९ बिद्यालयका २० जना स्वयशिक्षकलाई पारीश्रमिक१० जना वाल बिकास | २१८६००० |
| ९।२०७९।९।२५ | ९ बिद्यालयका २० जना स्वयशिक्षकलाई पारीश्रमिक १० जना वाल बिकास | १६३९५०० |
| १४।२०७९।१२।२७ | ९ बिद्यालयका २० जना स्वयशिक्षकलाई पारीश्रमिक १० जना वाल बिकास | २०३९५०० |
| १८।२०८०।३।७ | ९ बिद्यालयका २० जना स्वयशिक्षकलाई पारीश्रमिक १० जना वाल बिकास | १६३४८०० |
| | | ७४९९८०० |

| | |
|---|---|
| अनियमित भएको | ७४,९९,८०० |

१०.११ **खर्च संकेत बिपरित खर्च**–आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ४१ मा विनियोजन ऐन तथा अन्य ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्ट शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकमहरू सोही शीर्षक तथा उपशीर्षकको सीमामा रहेको सुनिश्चित गरी कार्यालय प्रमुखले निर्दिष्ट प्रयोजनको लागि खर्च गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले नियमावलिमा भएको ब्यबस्था सुनिश्चित नगरी तथा एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या, २०७४ को चालु खर्च संकेत वर्गिकरण र ब्याख्या विपरित देहाय बमोजिम खर्च गरेकोले अनियमित रु.

| गो भौ नं | कार्य | खर्चभएको शिर्षक | खर्च हुनुपर्ने शिर्षक | खर्च रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १५४।२०७९/ ११/०२ | कम्प्यूटर तथा अन्य मेशिनरी सामान वापतको रकम भूक्तानी | बिबिध खर्च<br>२२७११ | मसलन्द तथा कार्यालय सामाग्रि<br>२२३११ | ४६,९९९ |
| २३९।२०८०/ ०१/०८ | स्वास्थ्य चाैकिमा अावश्यक अाैषधि खरीद गरे वापतकाे रकम | बिबिध खर्च<br>२२७११ | औषधि खरिद<br>२२२१३ | ५०,०००.० |
| ३५३।२०८०/ ०३/२० | माेवाइल खरीद वापतकाे रकम भुक्तानि | बिबिध खर्च<br>२२७११ | | ३२,०००.०० |
| | | | | १२८००० |
| | | | अनियमित भएको | १,२८,००० |

## ११ परामर्शदाताबाट कार्य

**११.१ समानीकरण अनुदान रकमको उपयोग** -अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण अनुदान रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र प्रशासनिक एवं कार्यालय सञ्चालन शिर्षक वा विषयमा विनियोजन खर्च गर्न नपाईने व्यवस्था छ । ऐन तथा आयोगको मार्गदर्शन विपरित पालिकाले देहाय बमोजिम प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा रु.३२,४६,७८० खर्च गरी भुक्तानी दिएको नियम विपरित देखिन्छ । नियम अनुसार समानीकरण रकमको उपयोग हुनु पर्दछ ।

| **खर्च संकेत नं.** | **खर्च शीर्षक** | **अन्तिम बजेट** | वजेट खर्च |
|---|---|---|---|
| २११४१ | पदाधिकारी बैठक भत्ता | १,३०,०००.०० | १,२७,०००.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३,००,०००.०० | २,९९,९०२.०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २,८०,०००.०० | १,६६,०८०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ११,१०,०००.०० | १०,९८,९३३.०० |
| २२४१३ | करार सेवा शुल्क | ५०,०००.०० | ४९,३८४.०० |

| | | | |
|---|---|---|---|
| २२६१२ | भ्रमण खर्च | १,००,०००.०० | १,००,०००.०० |
| २२७११ | विविध खर्च | १४,२५,०००.०० | १४,०५,४८१.०० |
| | | जम्मा | ३२,४६,७८० |
| | | अनियमित भएको | ३२,४६,७८० |

११.२ **परामर्स तथा डीपीआर खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| अमिलेखोला देखि शंखपिपल हुँदै डाङडुङे लक्ष्मीपुर सडक डि. पि. आर. | मदर सीता ईन्जिनियरिङ कन्सल्टेन्सी | ७४९६०३.६२ | ७३१८७८.४० | ५२५४०००६४.४७ |
| लुहाम फलाबाङ मख्खनटाकुरी सडक डि. पि. आर. र कोलचौरखोला कोलचौर खज्जर अनुरुद्र हुदै दाङ जोड्ने सडक डि. पि. आर. | रासी मेची ईन्जिनियरिङ कन्सल्टेन्सी | १७४९६४३.०० | १६९६७५८.७७ | ६५२१४५३५८.३५ |
| लोटाउने ढुंगिबजार कँरिबास खानेपानी योजना डि.पि.आर. | के.एस.एस. ईन्जिनियरिङ कन्सल्टेन्सी | ७९९६७२.७५ | ७९४९५५.०० | २०७५५९५६.६ |
| | | | ३२२३५९२।१७ | |

११.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) तथा ७(२)(ग) अनुसार अधिकतम प्रतिस्पर्धा हुने गरी खरिदको प्याकेज बनाइ खरिद कार्य गर्नु पर्दछ । पालिकाले माथि उल्लेखित DPR को कार्य गराउदा खरिद आवश्यकताको पहिचान गरी अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा भएको ब्यबस्था बमोजिम स्विकृत गरी गर्नुपर्दछ । पालिकाले अधिकतम प्रतिस्पर्धा हुने गरी खरिदको प्याकेज बनाउन सकिनेमा प्याकेज नवनाएको,अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान नियमावलीको नियम १२ मा भएको ब्यबस्था बमोजिम स्विकृत नगरी र DPR कार्यान्वयन भएको आधार समेत पेश नभएकोले परामर्शदातालाइ रु.३२,२३,५९२।१७ भुक्तानी दिएको कानुन सम्मत देखिएन । अतः खरिद नियमावलीको व्यवस्था अनुसार बजेटको

परिधिभित्र रहेर एकमुष्ठ प्याकेजमा लागत अनुमान तयार गर्नुको साथै DPR कार्यान्वयन को आधार समेत पेश हुनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ३२,२३,५९२ |

१२ **ठेक्का व्यवस्था**

१२.१ **ठेक्का अभिलेख** – सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ र ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१२.२ **कार्य सम्पन्न प्रतिवेदन** – सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटि सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्र्इङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको यकिन गर्ने सक्ने अवस्था रहेन। अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

१२.३ **ठेक्का व्यवस्था** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका कार्यहरु कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ७.७४ देखि ५९.१६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं | काम | निर्माण व्यवसायि | संझौता मिति | लागत अनुमान | कबोल रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|
| TRM/SLN/NCB/WORKS/०२/०७९/०८० | Construction of ward no ६ building Triveni ६ salyan | Jigayashu B.C nirman sewa sarada १ salyan | २०७९/१२/१२ | ७०५४८५७.६० | ४३९१९१५.७७ | ३७.७७% |
| TRM/SLN/NCB/WORKS/०५/०७८/०७९ | Construction of १० bed hospital Triveni ६ salyan | Hirachan-M.P-shaubhagya JV | २०७९/०३/२३ | १६०८०४१७३.३७ | ११७५५५५४०.६४ | २६.९०% |
| TRM/SLN/०१/०७९/०८० | Construction of boys toilet Triveni १ salyan | Shree niraj and dipshan nirman sewa triveni ३ salyan | २०८०/०२/१९ | १२६६४९१.०० | ७३२१३८.१८ | ४२.१९% |
| TRM/SLN/NCB/WORKS/०५/०७९/०८० | Construction of girls hostel Triveni १ salyan | bishnu nirman sewa triveni ६ salyan | २०८०/०२/१४ | ५०८८२३५.४२ | ३४१६१५३.२० | ३२.८६% |
| TRM/SLN/NCB/WORKS/०४/०७९/०८० | Dhungibazar pimkhola makhantakuri sadak nirman Triveni ३ salyan | Jigayashu B.C nirman sewa sarada १ salyan | २०८०/०२/१२ | १६७१८९४६.४० | ८८२६९३५.०० | ४७.२०% |
| TRM/SLN/०५/०७९/०८० | Supply installation of solar street light Triveni | Deep light energy Pvt.Ltd Samakhusi ktm | २०८०/०२/१८ | ९००१००.०० | ७९७०००.०० | १२.९४% |
| TRM/SLN/०४/०७९/०८० | Kolchaur khajjar anarudre motar bato nirman (naya track) | Sarswati nirman sewa Triveni ६ Salyan | २०८०/०२/१७ | १०१८४५०.३५ | ९३९६४०.५ | ७.७४% |
| TRM/SLN/०२/०७९/०८० | Construction of girls toilet Triveni १ salyan | Pokhereli nirman sewa triveni ६ salyan | २०८०/०२/१८ | १२६६४९१.०० | ८६०५३९.९७ | ३२.०५% |
| TRM/SLN/G/०२/०७९/०८० | Procurement of supply and delivery of sanitary pad | Jasmine hygiene product Pvt.Ltd balbhadra chowk biratnagar | २०८०/०२/३१ | ९७०४८५.२० | ३९६३१०.४० | ५९.१६% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| TRM/SLN/NCB/ WORKS/३/०७९ -०८० | Khajjar lift khanepani aayojana. | Tarun Nirman Sewa,New bhandari suppliers | २०७९/१२/२८ | १०६१९४२५.०८ | ७८००९४७.५५ | २६.५४% |

१२.४ **म्याद थप** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको सय प्रतिशत अवधिभन्दा बढी म्याद थप भएका ५ ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार क्षतिपुर्ति लिइ तोकीए बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

| **ठेक्का नं** | **ठेक्काकोविवरण** | **सम्झौता मिति** | **सम्झौतारकम** | **सम्पन्नगर्नुपर्ने मिति** | **हाल सम्मकोभुक्तानी - d'=c=s/_** | **म्याद थप अबधि** | **सुरु अबधिको म्याद थप प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| TRM/SLN/NCB/WORKS/०२/०७९/०८० | Construction of ward no ६ building Triveni ६ salyan | २०७९/१२/१२ | ४३९१९१५.७७ | २०८०/७/३० | ८६४,२५८.७७ | २०८०/९/३० | २६.३१% |
| TRM/SLN/०१/०७९/०८० | Construction of boys toilet Triveni १ salyan | २०८०/०२/१९ | ७३२१३८.१८ | २०८०/३/२० | ३८२,३४२.२८ | २०८०/६/३० | ३२२.५८% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| TRM/SLN/NCB /WORKS/०५/० ७९/०८० | Construction of girls hostel Triveni १ salyan | २०८०/०२/ १४ | ३४१६१ ५३.२० | २०८०/३/ २० | ३,३६५,९ ३१.८८ | २०८०/९ /३० | ७३०.७६ % |
| TRM/SLN/०२/ ०७९/०८० | Construction of girls toilet Triveni १ salyan | २०८०/०२/ १८ | ८६०५३ ९.९७ | २०८०/३/ २० | ४०७,८७ ०.११ | २०८०/६ /३० | ३१२.५% |
| TRM/SLN/NCB /WORKS/३/०७ ९-०८० | Khajjar lift khanepani aayojana. | २०७९/१२/ २८ | ७८००९ ४७.५५ | २०८०/३/ २१ | ५,४८१,० ५१.३४ | २०८०/९ /३० | १६७.२५ % |
| ५।२०७६।७७ | पालिकाको प्रशासकिय भबन | २०७६।३। ३० | ४७२६१ १८७।० १ | २०७८।९ ।३० | २७४२१० ०० | २०८१। ३।३० | २०० |

१२.५ **वीमा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ तथा निर्माण ब्यबसायीसंग भएको ठेक्का सम्झौतामा रु. १० देखि २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विओक्यू मा वीमा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ५।२०७८।७९ | हिराचन एम पी सौभाग्य जे भि | ११७५५५५४०.६४ | १९८५२६३ | विमा नगरेको |

१२.६ **कन्टिन्जेन्सी खर्च** – सार्वजनिक खरिद नियमावली, २०६४ क नियम १० (७) मा निर्माण कार्यको लागत अनुमानमा ४ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ।सोही खरिद नियमावलीको अनुसूचि १ को द्रष्टव्यमा वर्क चार्ज, स्टाफ खर्च फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृति गराई खर्च गर्नु पर्ने व्यवस्था छ । पालिका कन्टिन्जेन्सी खर्च सम्बन्धमा कार्यविधि स्वीकृति नभएको र नियमित चालु प्रकृतिका कार्यहरुमा रु.२५,४४,०२२/- खर्च गरेको देखिन्छ । यस्तो खर्च चालु वजेटमा नै ब्यबस्था गरी खर्च गर्नुपर्नेमा कन्टिजेन्सीबाट खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| सि.नं. | विषय | विवरण | रकम | प्रतिशत |
|---|---|---|---|---|
| १. | | पूंजीगतखर्च | | |
| | | कुल कन्टिन्जेन्सी खर्च | २५४४०२२ | |
| १.१ | वर्कचार्ज स्टाफ खर्च | मष्टरोल ज्याला | | |
| | | सवारी साधन मर्मत | ४८५१२३ | |
| | | दैनिक भ्रमण भत्ता | ३०५८४२ | |
| | | टेण्डर मुल्याङकन वैठक | ५२३२०० | |
| | | अन्य | | |
| | | जम्माः | | |
| १.२ | सानातिना अन्य खर्च | इन्धन | | |
| | | स्टेशनरी. छपाई, सूचना प्रकाशन | १२२९८५७ | |
| | | मर्मत सम्भार खर्च | | |
| | | खप्ने मालसामान | | |
| | | सार्वजनिक निर्माण | | |
| | | **जम्माः** | | |
| | | **कूल जम्माः(१.१+१.२)** | | |

| | |
|---|---|
| अनियमित भएको | २५,४४,०२२ |

## १३ उपभोक्ता समितितर्फ

१३.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तकारी कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वटै वडामाप्रधानमन्त्री रोजगार कार्यक्रमको रु. १ करोड ५५ लाख ५४ हजारको २६ वटा र विश्व बैंकको (IDA) युवा रोजगारीका लागि रुपान्तकारी कार्यक्रमको रु. २३ लाख ३३ हजारको ६ वटा समेत दुवै कार्यक्रमको ३२ वटा योजना सञ्चालन गरी यस वर्ष ३१० जनालाई औसत १०० दिनले ३१००० दिन रोजगारी उपलव्ध गराई रु. १ करोड ७८ लाख ८७ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाले ३२ वटा योजना मध्ये ३१ वटा

योजना मोटरबाटो मर्मतको कार्य गरेको छ । वडा नं. ५ मा नाला खन्ने एउटा योजना संचालन गरी रु. ४ लाख ६१ हजार ६ सय खर्च गरेकोछ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

१३.२ **हेभी इक्विपमेण्टको प्रयोग—** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको भएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । उपभोक्ता समितिहरुले गरेका अधिकांश योजनाहरुको बिल हेभी उपकरणमा खर्च भएको बिल बराबरको खर्च देखिएकोले उपभोक्ता समितिहरुले पाएको काम निर्माण व्यावसायिबाट गराएको देखिन्छ । अतः उपभोक्ता समितिहरुले पाएको काम निर्माण व्यवसायिहरुबाट गराउन पाउने कानुनी व्यवस्था नभएकोले यस्तो खर्च रु.६७,१२,४९५।०० नियम सम्मत देखिएन ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १०।०७९।१०।११ | ढुंगीबजार खेलकुद मैदान निमाण उपभोक्ता समिति वडा न ३ | माटो तथा चट्टान कटिङ्ग गर्ने | ९४००० | युनाइटेड निर्माण सेवाको जेसिवि | ९४००० |
| ११।०७९।१०।१२ | टाट्के देखि अम्राइखोला गोरेटोबाटो निमाण उपभोक्ता समिति वडा नं ६ | माटो तथा चट्टान कटिङ्ग गर्ने | १८९९१६ | युनाइटेड निर्माण सेवाको जेसिवि | ११५५१४ |
| २३।०७९।११।३ | पधेरीखोला मोटरबाटो निमाण उपभोक्ता समिति | माटो तथा चट्टान कटिङ्ग गर्ने | २३३७५१ | युनाइटेड निर्माण सेवाको जेसिवि | २८५३१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६।०७९।११।१५ | रावलखोला मन्दिरजाने मोटरबाटो निमाण उपभोक्ता समिति | माटो तथा चट्टान कटिङ्ग गर्ने | ९१८०८ | निरज एण्ड दिप्सन निर्माण वा जेसिवि | २००२५ |
| २८।०७९।११।१६ | त्रिवेणी तिर्थशाला धाम संरक्षण संस्था | कटिङ्ग | ९९३००० | सौभाग्य निर्माण सेवाको जेसिवि | ३९९५६८ |
| ६५।०७९।१२।२० | ज्यामिरे पिपलबोट देखि तिनतले मोटरबाटो निमाण उपभोक्ता समिति | कटिङ्ग | १९१८९२ | अमर एण्ड दिप निर्माण सेवाको जेसिवि | २३०४३९ |
| ६६।०७९।१२।२० | रिखेबजार- ढाकाचौर मोटरबाटो निर्माण उपभोक्ता समिति | कटिङ्ग | १८९००० | निरज एण्ड दिप्सन निर्माण वा जेसिवि | २३९५६० |
| ७१।०७९।१२।२० | धनठाना कल्लेखोला मोटरबाटो निर्माण उपभोक्ता समिति | कटिङ्ग | १७९९७६ | अमर एण्ड दिप निर्माण सेवाको जेसिवि | २१५६२६ |
| ७२।०७९।१२।२१ | खर्कटोल बुढाथोकीटोल हुँदै शारदा न पा जोड्ने मोटरबाटो निर्माण उपभोक्ता समिति | कटिङ्ग | २८०७५८ | एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि | ३३९००० |
| ७९।०७९।१२।२२ | राजागिठी देखि छत्रेश्वरी गा पा पानीखोला जोड्ने मोटरबाटो निर्माण उ स | कटिङ्ग | १७५८२१ | अमर एण्ड दिप निर्माण सेवाको जेसिवि | २११४८५ |
| ९०।०७९।१२।२८ | ढ्याग्रीमुरे आरुचौर सागिने कोप्चि हुँदै कालापोखरा मोटरबाटो निर्माण उ स | कटिङ्ग | ६७२००० | हिमाल एण्ड पुष्पा कन्स्ट्रक्सनको जेसिवि | २६७७८९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९४।०७९।१२।२९ | लुहाम फलवाङ मख्खनटाकुरी मोटरबाटो नि उ स | कटिङ्ग | १३२८२५८ | रोशन निर्माणसेवाको जेसिवि | १०७१२४० |
| १०४।०८०।१।१० | रिखेबजार ढाँकाचौर मोटरबाटो नि उ स वडा न १ | कटिङ्ग | १४२००० | निरज एण्ड दिप्सन निर्माण वा जेसिवि | १७८५४० |
| १२७।०८०।१।३१ | सिद्दगुफा मन्दिरजानेर मोटरबाटो नि उ स वडा न २ | कटिङ्ग | २३६४६२ | निरज एण्ड दिप्सन निर्माण वा जेसिवि | २८४२८५ |
| १२३।०८०।१।३१ | अम्रैरुख देखि रानीघाटसम्म मोटरबाटो निर्माण उ स | कटिङ्ग | १८०००० | अमर एण्ड दिप निर्माण सेवाको जेसिवि | २१६६३२ |
| १७९।०८०।३।५ | निगाने मोटरबाटो निर्माण उपभोक्ता समिति | कटिङ्ग | ७१६३६ | एन एस विल्डर्स एण्ड इन्जिनियर्सको जेसिवि | ८६४६१ |
| १८०।०८०।३।५ | बाझारुखदेखि कोटबट दलित बस्तिसम्म मोटरबाटो नि उ स | कटिङ्ग | ५०८०० | निरज एण्ड दिप्सन निर्माण वा जेसिवि | ६२१५० |
| १८६।०८०।३।६ | वडा कार्यालय देखि लाटिभिरजाने मोटरबाटो नि उ स | कटिङ्ग | १८३५०० | स्वप्निल कन्सट्रक्सनको जेसिवि | २२०५१५ |
| २०५।०८०।३।१४ | सुविखर्क मोटरबाटो निर्माण उपभोक्ता समिति | कटिङ्ग | ६६४३३२ | एप्लाईड इन्जिनियरिङ्गको जेसिवि | ७९७६९५ |
| २०४।०८०।३।१४ | दरिमचौर सिस्नेरी लामिडाँडा मोटरबाटो नि उ स | कटिङ्ग | १४२५०० | निरज एण्ड दिप्सन निर्माण वा जेसिवि | १७८५४० |
| १९८।०८०।३।१२ | झाप्रेपानी चोरखोला मोटरबाटो निर्माण उ स | कटिङ्ग | १२९८०० | मेघराज कन्स्ट्रक्सन इनर्जिको जेसिवि | १५६६१६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१५।०८०।३।१५ | सावन टाट्के मोटरबाटो निर्माण उ स | कटिङ्ग | १०६२८५ | निरज एण्ड दिप्सन निर्माण वा जेसिवि | १०६२२० |
| २३७।०८०।३।२२ | च्यानडाडाँ कोलचौर स्कूल जोड्ने मोटरबाटो निर्माण उ स | कटिङ्ग | १८५००० | सोफिया कन्स्ट्रक्सनको जेसिवि | २३०९७२ |
| | जम्मा | | ६७१२४९५ | | ६००८१८७ |

| | |
|---|---|
| अनियमित भएको | ६७,१२,४९५ |

१४ **संघिय सशर्त शिक्षा तर्फ**

१४.१ **बढी भुक्तानी –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर श्री जनता मा वि काभ्रालाई वढि निकासा भएको रकम असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८०/१२/१४ को निर्णयबाट रु.३२,०००/- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१४.२ (३५-२०८०-३-१४):**सम्झौताभन्दा बढी भुक्तानी** – विद्यालयमा IT Lab स्थापना,सुदृढिकरण एवं डिजिटल लाइब्रेरी व्यवस्थापन कार्यक्रम अन्तर्गत श्री सरस्वती मा वि लाई रु.६,५०,०००/- भुक्तानी गरेकोमा प्राप्त विल अनुसार न्यू सिटी कम्प्युटर एण्ड सप्लायर्स सँग मिति २०८०।३।८ विल नं १२६ मा रु ६४२९७० /-को विजक जारी गरेको छ । उक्त पार्टी र विद्यालयको सम्झौता अनुसार रु.६,४२,९७०/- को सम्झौता गरी अन्य सम्पूर्ण खर्च सप्लायर्सले नै व्यहोर्ने उल्लेख भएकोमा यस भौचरबाट रु.६,४२,९७०/- मात्र भुक्तानी हुनपर्ने देखिएकोमा रु.६,५०,०००/- भुक्तानी भएकोले रु.७,५००/- बढी भुक्तानी भएको असुल हुनपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५०० |

१४.३ **बढी भुक्तानी** – पुस्तकालय तथा प्रयोगशाला कक्षा कोठाको लागि फर्निचर को व्यवस्था शीर्षकमा रु.१,९४,५५६/- निकाशा भएको छ । उक्त कार्यक्रम अनुसार संलग्न प्रमाण तथा कागजात अनुसार न्यू रुवी सिटि फर्निचर उद्योग को विल नं २२४ बाट रु.१,७२,५५६ /- भुक्तानी भएको छ भने खैराबाङ्गी ढुवानी सेवा लाई ढुवानी वापत रु.१४,०००/- भुक्तानी भएको छ । प्राप्त प्रमाण तथा कागजात भन्दा रु.८,०००/- बढी भुक्तानी भएको रकम विद्यालयबाट असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

१४.४ ढुवानी वापतको १० प्रतिशत बहाल कर कट्टा नभएकोले सो कट्टा गरी दाखिला गर्नुपर्दछ रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४०० |

१५ **संघिय विशेष तर्फ**

मोबिलाईजेशन पेश्की बाँकि:म्याद नाघेको - संघिय विशेष अनुदान तर्फको गजर लिफ्ट खानेपानी आयोजनाको जम्मा पेश्की रु.७,८०,०९४.५५/- मध्ये भौ. न. ३१ बाट रु.५,२८,९००/- फछ्र्यौट भइ बाँकी रु.२,५१,१९५/- बाँकी रहेको छ ।उक्त निर्माण कार्यको म्याद २०८०।३।२१ सम्म रहेकोमा काम सम्पन्न नभइ २०८०।०९।३० सम्म म्याद थप भएको छ । कार्यसम्पन्न गर्नुपर्ने तथा यताशिघ्र पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

| | |
|---|---|
| पेश्की | २,५१,१९५ |

१६ **TRM/SLN/NCB/WORKS/२०८०.२९.०४**

ढुङ्गीबगर पिमखोला मखनवटाकुरी सडक निर्माण (TRM/SLN/NCB/WORKS/२०८०.२९.०४)-उल्लेखित सडक निर्माण योजनाको लागि संघिय समपूरक अनुदानबाट बजेट विनियोजन भइ लागत अनुमान रु.१,६७,१८,९४६/- तथा कबोल अंक रु.९९,७४,४३७/- मा जिज्ञासु बि.सी निर्माण सेवासँग २०८०।२।१५ मा सम्झौता भइ निर्माण कार्यको म्याद २०८०।३।३० सम्म रहेकोमा उक्त निर्माण सेवाले समयमा काम सम्पन्न गर्न नसकि संघिय समपूरक अनुदानको रकम समेत फिर्ता भएको अवस्थामा पालिकाबाट नै खर्च लेख्नुपर्ने भएकोले पालिकालाई आर्थिक दायित्व बढेको कारण उक्त ठेक्का काम सम्पन्न नभई स्थगन भएको छ ।ठेक्का अवधिभरमा ५५ प्रतिशत भौत्तिक प्रगति तथा ४८ प्रतिशत वित्तिय प्रगति भइ जम्मा रु.४२,३३,५७५/- भुक्तानी भइसकेको देखिन्छ ।पालिकाले समेत निर्माण कार्यको म्याद थप नगरेको तथा समपूरक बजेट समेत फिर्ता भएको अवस्थामा थप बजेटको सुनिश्चितता हुन नसकेको कारण ठेक्का अधुरो रहने अवस्था सृजना भएको देखिन्छ । यसरी निर्माण कार्य अधुरो रहने गरी ठेग्गा गर्ननहुने कुरामा पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

१७ **उद्यमशिलता विकास सम्बन्धि कार्यक्रम**

८५ २०८०।३।२२ १३४०८५४ उल्लेखि भौचरबाट उद्यमशिलता विकास सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन भइ खर्च लेखेकोमा देखिएका व्यहोराहरु :

१७.१ **समूहमा प्रविधि हस्तान्तरण -** उद्यमशिलता विकास अन्तर्गतकै कृयाकलाप समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन भई रु.१,३९,५००/- खर्च लेखेको छ । उक्त कार्यक्रममा खरिद भएको सामाग्रीको २० प्रतिशत लागत साझेदारी सहभागीले व्यहोर्नुपर्ने उल्लेख भएकोमा प्राप्त विल तथा प्रमाणका आधारमा रु.१,१६,०००/- को सामाग्री खरिद गरेको आधारमा उक्त रकमको २० प्रतिशत रु.२३,२००/- सहभागीले व्यहोर्नुपर्नेमा पुरै रकम पालिकाबाटै व्यहोरेकोले सो असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,२०० |

१७.२ **अपुग प्रमाणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्वस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी

दिंदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।उल्लेखित भौचरबाट वडागत उद्यमशिलता विकास कार्यक्रम ६ वटै वडामा सञ्चालन भई खर्च भुक्तानी गरेकोमा संलग्न प्रमाण तथा कागजातको परिक्षण गर्दा ६ वटै वडामा भएको खर्चमा निम्नानुसारको प्रमाण अपुग भएकोले सो पेश गर्नुपर्दछ ।

| वडा नं | जम्मा खर्च रु | प्राप्त प्रमाण रु | अपुग प्रमाण रु |
|---|---|---|---|
| १ | २७२७५ | १६८०० | १०४७५ |
| २ | २३९५० | ० | २३९५० |
| ३ | २७२५० | १९९५० | ७३०० |
| ४ | २५२०० | १९९५० | ५२५० |
| ५ | २७२५० | १४४०० | १२८५० |
| ६ | २१४५० | ० | २१४५० |
| जम्मा | १५२३५० | ७११०० | ८१२५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८१,२५० |

१७.३ **लागत साझेदारी बेगर भुक्तानी-** प्रविधि हस्तान्तरण कार्यक्रम-उद्यमशिलता विकास अन्तर्गतकै कृयाकलाप प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन भई रु.२,९९,८६७/- खर्च लेखेको छ । उक्त कार्यक्रममा खरिद भएको सामाग्रीको २० प्रतिशत लागत साझेदारी सहभागीले व्यहोर्नुपर्ने उल्लेख भएकोमा प्राप्त विल तथा प्रमाणका आधारमा रु.२,५९,२६७/- को सामाग्री खरिद गरेको आधारमा उक्त रकमको २० प्रतिशत रु.५१,८५३/- सहभागीले व्यहोर्नुपर्नेमा पुरै रकम पालिकाबाटै व्यहोरेकोले सो असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,८५३ |

१८ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७८ को दफा ३ मा कार्यक्रमको क्षेत्रहरुमा सडक सिँचाई, खानेपानी, नदी वा जल उत्पन्न प्रकोप नियन्त्रण, ताल तलैया, जलाशय निर्माण जस्ता कार्यक्रम सञ्चालन गरीने उल्लेख छ । सोही कार्यविधिको दफा ४ मा आयोजनाको छनौट प्रक्रिया उल्लेख छ।सो प्रक्रिया बमोजिम यस पालिकामा ७ वटा योजना छनौटगरी निम्नानुसार कार्यक्रम सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

१८.१ मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १६ मा आयोजना कार्यान्वयन गर्ने निकायले श्रमिकको सामुहिक दुर्घटना बिमा गर्न सक्ने व्यवस्था छ।यस पालिकाले रु. १ करोड ५ लाखका ७ टा योजना कार्यान्वयन गर्दा सामुहिक दुर्घटना बिमा गरेको देखिएन।कार्यविधिको दफा नं. ११ मा कन्टीन्जेन्सी खर्चतर्फ विनियोजित बजेटको २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने र उक्त खर्च शीर्षकमा श्रमिकको सामूहिक दुर्घटना बिमा पनि समावेश भएकोमा विनियोजित बजेटको २ प्रतिशतले हुने रकमबाट उक्त बिमा गर्नसकिने मा कार्यालयले दुर्घटना बिमा नगरी अन्य अनुगमन,

मूल्याङ्कन तथा प्रशासनिक शीर्षकहरुमा मात्र खर्च गरेको देखियो । बिमा नगर्दा भविष्यमा आइपर्ने जोखिम वहन हुन नसक्ने देखिएकोले तोकिए बमोजिम बिमा गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

१८.२ मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७८ को दफा ३ मा कार्यक्रमको क्षेत्रहरुमा सडक सिँचाई, खानेपानी, नदी वा जल उत्पन्न प्रकोप नियन्त्रण, ताल तलैया, जलाशय निर्माण जस्ता कार्यक्रम सञ्चालन गरीने उल्लेख छ । सोही कार्यविधिको दफा ४ मा आयोजनाको छनौट प्रक्रिया उल्लेख छ। सो प्रक्रिया बमोजिम यस पालिकामा ७ वटा योजना छनौटगरी निम्नानुसार कार्यक्रम सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

१८.३ पालिकाले यस बर्ष मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बिभिन्न ७ वटा कार्यक्रम संचालन गरी रु.९९,६३,६६० ।- खर्च गरेको विवरण पेश गरेको छ । यस कार्यक्रमबाट २४२ जनाले प्रत्यक्ष रुपमा रोजगारी पाएको विवरणबाट देखिन्छ । उक्त कार्यविधिको दफा ४(७) मा बजेट बाँडफाट गर्दा कर्णाली प्रदेशका वडास्तरको जनसंख्या, भौगोलिक विकटता, गरीबी लगायतका आधारमा समन्यायिक रुपमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रमको योजना छनौट गर्दा प्रति वडा रु.१५ लाखका दरले योजना छनौट गरेको र वडाको जनसंख्या, भौगोलिक अवस्था तथा गरीबीलाई विश्लेषण गरी समन्यायिक वितरण गर्नुपर्नेमा समान वितरण गरेको देखिएकोले समन्यायिक वितरण भएको छ भन्ने आधार देखिएन । कार्यविधीको पालना गरी समन्यायिक वितरणमा ध्यान दिनुपर्दछ।

१८.४ उक्त मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा नं. ५(१) (च) मा निर्देशक समितिले आयोजना छनौट गर्दा अधिकतम प्रतिशतको लागत साझेदारी हुने आयोजना छनौट गर्नुपर्ने उल्लेख छ । उक्त व्यवस्था बमोजिम यस पालिकालाई रु.१ करोड ५ लाख बजेट निकाशा भएकोमा यस पालिकाले आयोजना छनौट गर्दा लागत साझेदारी नगरी सोही रकम मात्र खर्च गर्ने गरी रु रु.१ करोड ५ लाख का ७ वटा योजना सञ्चालन गरेकोमा लागत सहभागीता शून्य रहेको देखियो । लागत सहभागीता नहुने योजना छनौट गर्दा योजनाप्रति लाभग्राहीको अपनत्व नहुने र पालिकालाई मात्र योजनाको व्ययभार परेको देखियो । अतः कार्यविधि बमोजिम योजना छनौट गर्दा अधिकतम लागत साझेदारी परिचालन हुने योजना छनौट गर्नुपर्ने देखिन्छ ।

## १९ सामाजिक सुरक्षा

१९.१ **सामाजिक सुरक्षा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २४ (६) अनुसार बैंकले लाभग्राहीको खातामा रकम जम्मा गरिसकेपछि पहिलो चौमासिकको मंसिर सात गते भित्र, दोस्रो चैत्र सात गते भित्र र तेस्रो असार मसान्त भित्र भत्ता वितरणको विवरण बैंकबाट प्राप्त गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले त्यस्तो फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण लेखापरिक्षणको समयमा माग हुदा लाभग्राहीको प्रकृतिअनुसार लाभग्राहीको खातामा रकम जम्मा गरेको रु.६,८९,०२,७५३।०० रकम बराबरको रिभर्स फिड प्राप्त भएन । जम्मा गरेको रकम झिकेको बिबरण पेश नभएकोले कार्यालयबाट छानबिन गरी रकम नझिकेको बिबरण बैंक बाट लिइ बाँकी रकम संघिय राजस्व दाखिला गर्नुपर्ने देखिन्छ ।

१९.२ **विवरण पेश तथा समिक्षा –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानीय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण सभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन ।

**पारदर्शिता** – सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन ।

**सार्वजनिक सुनुवाई** – सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

---

१९.३ **नागरिकता नम्बर दोहोरो –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। पालिकाका ६ वटा वडाहरु मध्ये नमुना छनौट गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएका वडा नं. २ र ५ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूको नागरिकता नम्बर दोहोरो पर्ने गरि अभिलेख राखेको देखिन्छ । यसरी विवरण नै अद्यावधिक नगरी बैकलाई भत्ता वितरणको विवरण पठाउने गरेकोमा आगामि दिनमा कार्यालयले सबै वडाहरुको विवरण अद्यावधिक गरी मात्र भत्ता वितरण गर्नुपर्दछ ।

| Installment's | Ward | Social Assustance Type Name | Citizenship Number | Member Name | Total Amount |
|---|---|---|---|---|---|
| ४ | २ | Senior citizen's allowance-Others | ५५०३१३१०१ | Bishni Devi Khadka | १२००० |
| ४ | २ | Full Disability | ५५०३१३१०१ | Kali Bdr. B.K. | ११९७० |
| ४ | २ | Senior citizen's allowance-Others | १०४३ | Hole Kami | १२००० |
| ४ | २ | Senior citizen's allowance-Others | १०४३ | Tiki Kami | १२००० |
| ४ | २ | Widow | ५५०३१३१५ | Hukumi Pun | ७९८० |
| ४ | २ | Widow | ५५०३१३१५ | Indrakali Ramja | ७९८० |
| ४ | ५ | Senior citizen's allowance-Others | २५०९३८५ | RUPI BOHARA | १२००० |
| ४ | ५ | Senior Citizen's Single women's allowance | २५०९३८५ | KRISHNI KHATRI | ७९८० |
| ४ | ५ | Senior citizen's allowance-Others | १८९६ | MANI BOHARA | १२००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ५ | Senior citizen's allowance-Others | १८९६ | PUNI KHATRI | १२००० |

## २० आन्तरिक लेखापरिक्षण प्रतिवेदन

२०.१ आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९६ उपनियम (७) (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु सम्बन्धी ब्यहोरा अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरि वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरि बेरुजु लगत कट्टा गरि फछ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फर्स्यौट गरेको नदेखिएकाले प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छ ।

| | भौ. न. मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| असुल हुनुपर्ने | | |
| २६ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको,२०७७ मा विल भरपाई सहितको लेखा राख्नुपर्ने र भुक्तानी गर्दा चेकजाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समितिका पदधिकारीहरुलाई योजना सन्चालन तथा व्यवस्थापन सम्बन्धी १ दिने अभिमुखीकरण तालिम को गो.भौ.नं. ३७५/२०८०/३/२२ बाट रु.३,१३,०७०।अमरसिं बबाललाई भुक्तानी गरेकोमा रु.३१०५७०।को मात्र विल भरपाई पेश गरेको ले विल भरपाई भन्दा बढी भुक्तानी भएको रु.२,५००। असुल हुनुपर्ने रु | २५०० |
| २२ | अर्थमन्त्रालय कार्य सन्चालन निर्देशिका,२०७५को परिच्छेद ७ को ७.१.१ मा बैठक भत्ताको मापदण्ड बमोजिम बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था छ । कार्यालयले मिति २०७९/८/२२ गतेको कार्यपालिका बैठकमा ५ जना र मिति २०७९/९/१२ गतेको कार्यपालिका बैठकमा ५ जना आमन्त्रित सदस्य राखि भत्ता वितरण गरेको छ।नियम विपरित ४ जना बढी आमन्त्रित सदस्य राखि बढी व्ययभार पारेको रु | ६००० |
| २८ | महिला समूह गठन पुनर्गठन सम्बन्धी कार्यक्रम अन्तर्गत वडा स्तरिय सन्जाल गठन कार्यक्रम वापत बसन्ता वलीलाई गो.भौ.नं. ४/२०७९/९/२६ बाट रु.५६,७००/- भुक्तानी गरेकोमा रु.५४,३२०/- को विल भरपाई पेश भएको हुँदा कर बाहेक रु.५२,३१७/- भुक्तानी हुनु पर्नेमा कर बाहेक रु.५४,९३१/- भुक्तानी भएको देखिन्छ। बढी भुक्तानी रु.२,६१४/- असुल हुनुपर्ने रु. | २६१४ |
| २९ | अर्थमन्त्रालय कार्य सन्चालन निर्देशिका,२०७५को परिच्छेद ७ को ७.१.१५(१५) मा तालिम गोष्ठी को प्रतिवेदकको पारिश्रमिक गाउँपालिका स्तर तोकिएको छ।जसमा १ दिने कार्यक्रमको रु.१,०००/- र प्रति दिन रु. ५००/- को दरले थप भइ अधिकतम रु.३,०००।- दिन मिल्ने | २५०० |

| | | |
|---|---|---|
| | उल्लेख छ ।कार्यालयले विद्यालयमा शिक्षाको पहुचको सुनिश्चितता तथा क्षमता अभिवृद्धि सम्बन्धी २ दिने तालिमको गो.भौ.नं.७/२०७९/९/२५ बाट रु.३,०००/- र विद्यालय प्र.अ. र विद्यालय व्यवस्थापन समितिहरुलाई १ दिने अभिमुखीकरण तालिमको गो.भौ.नं. २०/२०८०/३/९ बाट रु.२,०००/- गणेश कुमार आचार्यलाई भुक्तानी गरेको हुदा बढी भुक्तानी भएको रु.२,५००/- असुल हुनुपर्ने रु | |
| ३३ | **पारीश्रमिक कर कट्टी -** जेष्ट नागरीक घरभेट कार्यक्रम अन्तर्गत घरभेट तथा स्वास्थ्य परीक्षण गरे वापत भत्ता प्रदान गरिएकोमा नियमानुसार कट्टा गर्नुपर्ने पारिश्रमीक कर कट्टी नगरेकोले सम्बन्धीत बाट असुल गरी सन्चित कोष दाखिला गर्नु पर्ने रु | २५६८० |

| सि.न. | नाम/थर | दिन | दर | भुक्तानी रकम | करकट्टी गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १ | दिपक सुनार | ३२ | ८०० | २५६०० | ३८४० |
| २ | तुल्सीराम डाँगी | ३१ | ८०० | २४८०० | ३७२० |
| ३ | बलीभान विष्ट | २६ | ८०० | २०८०० | ३१२० |
| ४ | सुरेश बोहरा | २० | ८०० | १६००० | २४०० |
| ५ | विमल रावत | ६ | ८०० | ४८०० | ७२० |
| ६ | खिम बहादुर पुन | ३० | ८०० | २४००० | ३६०० |
| ७ | हस्त बहादुर रामजा | ६ | ८०० | ४८०० | ७२० |
| ८ | तारा बहादुर बस्नेत | ३२ | ८०० | २५६०० | ३८४० |
| ९ | कर्णदिव डाँगी | ८ | ८०० | ६४०० | ९६० |
| १० | दल बहादुर बस्नेत | २ | ८०० | १६०० | २४० |
| ११ | खर्के पुन | २ | ८०० | १६०० | २४० |
| १२ | छविराज शर्मा | ७ | ८०० | ५६०० | ८४० |
| १३ | मनोज शाह | ८ | ८०० | ६४०० | ९६० |
| १४ | मान बहादुर पुन | १ | ८०० | ८०० | १२० |
| १५ | गोमा भण्डारी | १ | ८०० | ८०० | १२० |
| १६ | आशा सुनार | २ | ८०० | १६०० | २४० |

<table>
<tr><td></td><td><table><tr><td>जम्मा</td><td></td><td>२५६८०</td></tr></table></td><td></td></tr>
<tr><td>३६</td><td>मेडपा कार्यक्रम - गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम नयाँ उद्यमी सिर्जना र प्रविधि हस्तान्तरण गरी गो.भौ.नं.१८५ बाट रु.१३,४०,८५४/- राजकुमार वली लाई भुक्तानी गरेकोमा निम्नानुसार देखियो।</td><td></td></tr>
<tr><td>३६.१</td><td>सिप विकास तालिमः- गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा २८(७) बमोजिम तालिममा प्रयोग भएका सामाग्री तथा प्रविधि निसुल्क हस्तान्तरण गर्नुपर्ने र दफा ३९ बमोजिम तालिमबाट उत्पादित बस्तु विक्रिवितरण गरी राजस्व दाखिला गर्नुपर्ने वा स्टोर दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले मौरीपालन, सावुन बनाउने, मुडा बनाउने र कटाइ सिलाई तालिम सन्चालनगर्दातालिममा प्रयोग भएका सामाग्री तथा प्रविधि निसुल्क हस्तान्तरण र तालिमबाट उत्पादित बस्तु विक्रिवितरण वा स्टोर दाखिला गरेको पाईएन। साथै कार्यालयले एकै पटकमा ढुवानी गर्न सकिने परिमाणको तालिम सामाग्री दाङ्ग देखि लुहाम सम्म पटकपटक प्रतिपटक रु. १० हजार र रु. १५ हजारको दरमा ढुवानी गरी रु.५०,०००/- भुक्तानी गरी बढी व्ययभार पारेको रु.</td><td>३५०००</td></tr>
<tr><td>४१</td><td>योजना अनुगमन भत्ता - कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्मन्धि ऐन, २०७७ को दफा ३ को अनुसुची १ र २ वमोजिम अनुगमन खर्च मासिक भुक्तानी हुने भएकोले थप छुट्टै अनुगमन खर्च नपाउने देखिएको र सरकारी कर्मचारी पदाधिकारीले आफु कार्यरत मातहतका निकायहरु र कार्यक्रमहरुको अनुगमन गरे वापत अनुगमन भत्ताको व्यवस्था नरहेकोमा कार्यालयले सवै टोल वस्ती परिवारमा जुठेल्नो निर्माण गरे वापत ऐन विपरित अनुगमन भत्ता खर्च लेखेको असुल हुनुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>पद</th><th>अनुगमण दिन</th><th>अनुगमण भत्ता</th><th>असुल गर्नु पर्ने कर बाहेक</th></tr>
<tr><td>दल बहादुर बस्नेत</td><td>वडा अध्यक्ष</td><td>१</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td>आशा सुनार</td><td>वडा सदस्य</td><td>१</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td>मान बहादुर पुन</td><td>वडा सदस्य</td><td>१</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td>खर्के पुन</td><td>वडा सदस्य</td><td>१</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td>गोमा भण्डारी</td><td>वडा सदस्य</td><td>१</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td>धन बहादुर पुन</td><td>वडा सचिव</td><td>१</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६</td><td>९०००</td><td>७६५०</td></tr>
</table></td><td>७६५०</td></tr>
</table>

| | | |
|---|---|---|
| ३८ | **कम विल विजक पेश -** उपभोक्ता समिति मार्फत सम्पन्न भएका विभिन्न योजनाहरुको लागत अनुमान बमोजिम प्राविधिक मुल्याङ्कन भइ रकम भुक्तानी हुदा प्राविधिक मुल्याङ्कनमा प्रयोग भएको निर्माण सामाग्रीको परिमाण भन्दा घटी परिमाण उपभोक्ता समितिले खरिद गरेको बील बिजकमा देखिन्छ। यसले गर्दा तोकिएको गुणस्तरमा निर्माण कार्य भएको सुनिश्चीत गर्दैन। बढि भुक्तानी भएको निर्माण सामाग्रीको एकिन गरी असुल हुनुपर्ने रु. | ३५९५३ |

| सि.नं. | योजनाको नाम | निर्माण सामाग्री | प्रा.मु.वमोजिम परिमाण | उ.स.ले खरिद गरेको बिल बमोजिम परिमाण | बढि भुक्तानी रकम रु |
|---|---|---|---|---|---|
| १ | माथिल्लो भ्वाकभ्वाके खानेपानी टंकी निर्माण (गो.भौ.नं.७५/०७९/१२/२२) | डण्डी | १०४१.१ के.जी. | १००० के.जी. | ४४४४ |
| २ | धैरेनी खेत सिचाइ कुलो निर्माण (गो.भौ.नं.११५/०८०/१/२५) | सिमेन्ट | २३८ ब्याक | २०० ब्याक | १४४७२ |
| ३ | ठुला खोला झाकिकामसल सिचाइ कुलो निर्माण (गो.भौ.नं.१४५/०८०/२/११) | सिमेन्ट | ३० ब्याक | २५ ब्याक | ४०२० |
| ४ | गैरालुहाम सिचाइ कुलो निर्माण (गो.भौ.नं.१४६/०८०/२/११) | सिमेन्ट | १६० ब्याक | १५५ ब्याक | ४०२० |
| ५ | लप्केतिनु कारेवास सिचाइ कुलो मर्मत (गो.भौ.नं.७५/०७९/१२/२२) | सिमेन्ट | ९६ ब्याक | ९० ब्याक | ४८२४ |
| ६ | बिउरेनी खोला तटबन्धन निर्माण | ग्याबियन जाली | १०४.५ घ.मि. | १०३ घ.मि. | ४१७३ |

| | | |
|---|---|---|
| | (गो.भौ.नं.१६७/०८०/२/२६ ) | |
| | जम्मा ३५९५३ | |
| ३४ | **बढी तलब भत्ता निकासा -** प्रारम्भीक बालविकास सहजकर्ताहरुको पारिश्रमीक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान शिर्षकबाट तलब भत्ता खाने गरी नियुक्ति भएका गाउँपालिका अर्तर्गत पहिलो त्रैमासिक अवधिमा २३ जना प्रारम्भीक बालविकास सहजकर्ता, ५ जना विद्यालय कर्मचारी र २९ जना विद्यालय सहयोगी कार्यरत रहेको ले पहिलो त्रैमासिक र चाडपर्व खर्च वापत विद्यालयहरुलाई रु.२१,१८,०००/- निकासा गर्नुपर्नेमा कार्यालयले गो.भौ.नं.३/२०७९/६/९ बाट रु.२३,५८,०००/- निकासा गरेको हुँदा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० विपरित बढी निकासा रकम रु.२,४०,०००/- सम्बन्धित विद्यालयहरुबाट असुल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | २४०००० |
| ३० | अध्यक्ष कप खेलकुद कार्यक्रमः-गाउँपालिकाले मिति २०७९ माघ २५ गते देखि २८ गतेसम्म अध्यक्ष कप खेलकुल कार्यक्रम सन्चालन गरी रु.११,७७,९५०/- भुक्तानी गरेको छ।गाउँपालिकाले अध्यक्ष कप खेलकुद सन्चालन सम्बन्धी कार्यविधी बनाएको देखिएन।कार्यविधि बेगर खर्च गर्दा कुल भुक्तानी रकम मध्य रु.४,२०,३७०/- खाना,खाजा मा खर्च गरीएको छ संख्या र परिमाण नखुलाई खर्च गरीएको र स्वीकृत प्रस्तावित खर्च भन्दा बढी खर्च गर्नाको आधार पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु | ४२०३७० |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०।१२।१२ को निर्णयबाट रु.१,५००/- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,७८,२६७ |

२०.२

| | भौ. न. मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| प्रमाण पेश गर्नुपर्नेः | | |
| १२ | **राजस्व बाँडफाँडः-** प्रदेशको आन्तरिक आय व्यवस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन,२०७५ को दफा १५ मा ढुङ्गा,गिट्टी,बालुवा,दहत्तर बहत्तर शुल्क मनोरन्जन कर लगायतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्य साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय सन्चितकोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले असार मसान्त सम्म रु.१७,२०,०१६।-आन्तरिक आम्दानी संकलन गरेकोमा सोको ४० प्रतिशतले हुन आउने रु.६,८८,००६.४ | ६८८००६.४ |

<table>
<tr><td></td><td>पालिकाको सन्चित कोषमा नै रहेकाले प्रदेश सन्चित कोषमा दाखिला गरि सो को प्रमाण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>२४</td><td>वडा स्तरीय खेलकुद कार्यक्रमा अन्तर्गत १ नं. वडाका विद्यालयबाट छनौट भइ अध्यक्ष कप तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागि खेलाडीलाई खाजा खर्च प्रति खेलाडी रु.२५० को दरले सम्बन्धित विद्यालयको प्र.अ. तथा शिक्षकहरुलाई रु.२६,५००/- दिएकोले सम्बन्धित खेलाडीले पाएनपाएको तथा खाजा खरिद भएनभएको पुष्टी हुन सकेन। विद्यार्थिलाई बुझाएको भरपाई वा खाजा खरिदको बिल भरपाई संलग्न राख्नु पर्ने<br>
<table>
<tr><th>नाम</th><th>विद्यालय</th><th>खेलाडी संख्या</th><th>रकम</th></tr>
<tr><td>दिपक गिरी</td><td>जनता मा.वि.काभ्रा</td><td>८९</td><td>२२२५०</td></tr>
<tr><td>जुद्द बहादुर खत्री</td><td>सरस्वती आ.वि. ठुलाचौर</td><td>७</td><td>१७५०</td></tr>
<tr><td>सुकलाल थापा</td><td>बाल कल्यान प्रा.वि.</td><td>१</td><td>२५०</td></tr>
<tr><td>अमर बहादुर के.सी.</td><td>सल्यानी मेरी गोल्ड</td><td>९</td><td>२२५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२६५००</td></tr>
</table></td><td>२६५००</td></tr>
<tr><td>२५</td><td>गो.भौ.नं. ३१२/२०८०/३/१२ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद १० मा तोकिएको ढाँचामा जिन्सी मालसामानहरु आम्दानी र खर्चको अभिलेख राख्नु पर्ने व्यवस्था छ। त्रिवेणी तिर्थशाला धाम सामुदायिक अध्ययन केन्द्रले विभिन्न पुस्तक तथा सामान खरिद गरी रु.२८,३००/- भुक्तानी लगेको देखिन्छ। उक्त सामान स्टोर दाखिला गरी आम्दानी जनाएको नपाइएको हुँदा आम्दानी बाध्नु पर्ने।</td><td>२८३००</td></tr>
<tr><td>२७</td><td>गो.भौ.नं. ३९५/२०८०/३/२३ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद १० मा तोकिएको ढाँचामा जिन्सी मालसामानहरु आम्दानी र खर्चको अभिलेख राख्नु पर्ने व्यवस्था छ।कार्यालयले सिमानामा राख्ने बोर्ड र फ्रेम खरिद गरी रु.६०,०००/- भुक्तानी गरेको छ।उक्त सामान लेखापरीक्षणको समयसम्म स्टोर दाखिला गरी आम्दानी जनाएको नपाइएको हुँदा आम्दानी बाध्नु पर्ने।</td><td>६००००</td></tr>
<tr><td>३९</td><td>तार जाली प्रयोगको प्रविधिक मूल्याङ्कनः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राहि समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछी सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक बाट कामको जाचँपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम,नगत, वा जिन्सीको विवरण सो निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले कार्यसम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ र कार्यालयले गो.भौ.नं.१५९/२०८०/२/२१ बाट रु.३,८४,८४९।- मूल्यका ग्याविन तार सोझै खरिद गरी वडा नं. ६ को कार्यालयलाई हस्तान्तरण गरेको छ। ग्याविन</td><td>३८४८४९</td></tr>
</table>

जाली प्रयोग भएको नियमानुसार प्राविधिक मुल्याङ्कन भएको नापी किताव र कार्यसम्मन्न प्रतिवेदन पेश हुनु पर्ने। अन्यथा ग्याविन जाली जिन्सी फिर्ता आम्दानी गरेको प्रमाण पेश हुनुपर्ने रु.

| सि.नं. | विवरण | परिमाण |
|---|---|---|
| १ | १.५*१*१ | ३० वटा |
| २ | २*१*१ | ५९ वटा |
| ३ | ३*१*१ | १४ वटा |

४३ **नन्फाइलरः-** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१७,८८,९९७/- भुक्तानी दिएकोमा आन्तरिक लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइएकाले कानुनी व्यवस्था अनुसार विवरण नवुझाएकाले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. १७८८९९७

| ब.उ.शि. | गो.भौ.मिति | फर्म | कुल मू.अ. कर भुक्तनी रु | मू.अ.कर रकम |
|---|---|---|---|---|
| गा.पा.पुजिगत | ३८/२०७९/११/२८ | निरज एण्ड दिप्सन निर्माण सेवा | २१९०० | २०७९ पौष |
| गा.पा.पुजिगत | ५१/२०७९/१२/१० | निरज एण्ड दिप्सन निर्माण सेवा | २६६९० | २०७९ पौष |
| गा.पा.पुजिगत | ६६/२०७९/१२/२० | निरज एण्ड दिप्सन निर्माण सेवा | २७५६० | २०७९ पौष |
| गा.पा.पुजिगत | ७२/२०७९/१२/२१ | निरज एण्ड दिप्सन निर्माण सेवा | ३९००० | २०७९ पौष |
| गा.पा.पुजिगत | ७७/१२/२२ | निरज एण्ड दिप्सन निर्माण सेवा | १४२९९७ | २०७९ पौष |
| गा.पा.पुजिगत | ८९/२०७९/१२/२८ | निरज एण्ड दिप्सन निर्माण सेवा | १३९१० | २०७९ पौष |
| गा.पा.पुजिगत | १०४/२०८०/१/१० | निरज एण्ड दिप्सन निर्माण सेवा | २०५४० | २०७९ पौष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गा.पा.पुजिगत | १२७/२०८०/१/३१ | निरज एण्ड दिप्सन निर्माण सेवा | ३२६६० | २०७९ पौष | |
| | गा.पा.पुजिगत | २०४/२०८०/३/१४ | निरज एण्ड दिप्सन निर्माण सेवा | २०५४० | २०७९ पौष | |
| | गा.पा.पुजिगत | ५८/२०७९/१२/१४ | रासि मेची इन्जिनियरिङ्ग | १९५२०२ | २०७९ मंसिर | |
| | गा.पा.पुजिगत | ६५/२०७९/१२/२० | अमर एण्ड दिप निर्माण सेवा | २६४९७ | २०७९ भाद्र | |
| | गा.पा.पुजिगत | ७१/२०७९/१२/२० | अमर एण्ड दिप निर्माण सेवा | २४८०७ | २०७९ भाद्र | |
| | गा.पा.पुजिगत | ७९/२०७९/१२/२२ | अमर एण्ड दिप निर्माण सेवा | २४३३२ | २०७९ भाद्र | |
| | गा.पा.पुजिगत | १२३/२०८०/१/३१ | अमर एण्ड दिप निर्माण सेवा | २४९२७ | २०७९ भाद्र | |
| | गा.पा.पुजिगत | ९०/२०७९/१२/२८ | हिमाल एण्ड पुष्पा कन्ट्रक्सन | ३०८२६ | २०७४/०७५ | |
| | गा.पा.पुजिगत | ९५/२०७९/१२/३० | अंकित एण्ड जेनिशा मर्मत सेवा | ११०५२३ | २०७९ असोज | |
| | गा.पा.पुजिगत | ११६/२०८०/१/२६ | युनाइटेड निर्माण सेवा | ९२७५ | २०७९ कार्तिक | |
| | गा.पा.पुजिगत | १७६/२०८०/२/३१ | ए एण्ड ए कन्सल्टेन्सी | ५७४६० | २०७९ माघ | |
| | गा.पा.पुजिगत | १८६/२०८०/३/६ | स्वप्निल कन्ट्रक्सन | २५३६८ | २०७९ माघ | |
| | गा.पा.पुजिगत | १९८/२०८०/३/१२ | मेघराज कन्ट्रक्सन इनर्जि एण्ड सप्लायर्स | १८०५९ | २०७९ माघ | |
| | गा.पा.पुजिगत | २०२/२०८०/३/१४ | सरस्वती निर्माण सेवा | १२१७४७ | | |

| | | | | |
|---|---|---|---|---|
| गा.पा.पुजिगत | २३१/२०८०/३/२१ | प्रगतिशिल निर्माण सेवा | ३३८१६ | २०७९ श्रावन |
| गा.पा.पुजिगत | २३७/२०८०/३/२२ | सोफिया कन्ट्रक्सन | २६५७० | २०७९ कार्तिक |
| गा.पा.पुजिगत | २४३/२०८०/३/२४ | जिज्ञासु विसी निर्माण सेवा | ४८७०४८ | २०७९ पौष |
| गा.पा.पुजिगत | २४४/२०८०/३/२४ | जिज्ञासु विसी निर्माण सेवा | ९९४२८ | २०७९ पौष |
| गा.पा.पुजिगत | २४६/२०८०/३/२४ | लंकिनी निर्माण सेवा | १२७३१४ | २०७९ भाद्र |
| जम्मा | | | १७८८९९७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,७६,६५२ |

२०.३

| | भौ. न. मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| नियमित गर्नुपर्ने | | |
| १७ | **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २५ र नियमावलीको,२०७७ को नियम ३९(१५) मा चालु बर्षको वजेटले नखाम्ने भएमा र आगामी वर्षमा भुक्तानदिनु पर्ने भएमा तोकिएको ढाँचामा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराउनु पर्ने व्यवस्था छ। गो.भौ.नं. २०/२०७९/६/१० बाट न्यु महालक्ष्मी अफसेट प्रेस र रासी स्टेसनरी एण्ड बुक्स सेन्टरलाई मसलन्द तथा कार्यालय सामाग्री बापत रु.६४,२१६/- गत बर्षको भुक्तानी गरेकोमा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी संलग्न नरहेको नियमित हुनु पर्ने रु. | ६४२१६ |
| १९ | **खानेपानी हेरालु** - वडा नं. ४ ले दैनिक ज्यालादारीमा खानेपानी हेरालु चुडामणी वुढामगर लाई नियुक्ति गरी मासिक रु.१२,०००/- को दरले वडा कार्यालयको सिफारिशको आधारमा तलब भत्ता बापत रु.१,४४,०००/- खर्च लेखेको देखियो।यसरी रित पुर्याइ गाउँपालिकाबाट नियुक्ति तथा सम्झौता गरी भुक्तानी गर्नु पर्नेमा वडा कार्यालयको सिफारिशको आधारमा करार सेवा शुल्क शिर्षकबाट खर्च लेख्ने कार्य नियम सम्बत नभएको रु. | १४४००० |

<table>
<tr>
<td>२०</td>
<td>पुस्तकालय शिक्षक - स्थानिय सरकार सन्चालन ऐन,२०७४ को दफा ८३(८) मा गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी अदी पद बाहेक अन्य पदमा सेवा करार बाट पदपुर्ति गर्न पाइने छैन भन्य उल्लेख छ। कार्यालयले २ वटा विद्यालयमा पुस्तकालय शिक्षक भनी करार नियुक्ति नगरी तलब भत्ता बापत रु.३,८८,०००/- खर्च लेखेको देखियो । यसरी ऐन विपरीत खर्च लेखे कार्य ऐन सम्बत नभएको रु.
<table>
<tr><th>नाम</th><th>पद</th><th>विद्यालय</th><th>तलब स्केल</th><th>जम्मा</th></tr>
<tr><td>रविन्स महतरा</td><td>लाइवेरियन</td><td>मा.वि.रेख</td><td>१८०००</td><td>२३४०००</td></tr>
<tr><td>विक्रम परीयार</td><td>पुस्तकालय शिक्षक</td><td>आ.वि. ठुलाचौर</td><td>१५४००</td><td>१५४०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३८८०००</td></tr>
</table>
</td>
<td>३८८०००</td>
</tr>
<tr>
<td>२१</td>
<td>एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार तोकिएको शिर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले गो.भौ.नं.४१बाट अनुगमण र मूल्याङ्कन खर्च शिर्षकबाट सन्चार खर्च रु.५,५००/- र सवारी साधन मर्मत खर्च रु.६,२५०/- खर्च गरेको नियम सम्बत नभएको रु.</td>
<td>११७५०</td>
</tr>
<tr>
<td>२३</td>
<td>थप दस्तुर भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २४ र नियमावलीको,२०७७ को नियम ३९(११) बमोजिम सरकारी कारोवार गर्दा उचित गुणस्तर, मितव्ययी तथा हानि-नोक्सानी नहुने प्रबन्ध मिलाउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले काभ्रा स्वास्थ्य चौकी, २ नं. वडा कार्यालय र पशु सेवा केन्द्र काभ्रा को विद्युत महशुल भुक्तानी गर्दा जरिवाना तथा थप दस्तुर एवं रिकनेक्सन समेतर रु.२०,७६२.९२ भुक्तानी गरेकोले अनियमित खर्च रु .
<table>
<tr><th>कार्यालय</th><th>गो.भौ.नं.</th><th>महशुल</th><th>जरीवाना</th><th>रिकनेक्सन</th><th>जम्मा</th></tr>
<tr><td>काभ्रा स्वास्थ्य चौकी</td><td>१७४/२०७९/११/१६</td><td>४९५१७</td><td>११८८९</td><td>८५०</td><td>६२२५६</td></tr>
<tr><td>२ नं. वडा कार्यालय</td><td>१६७/२०७९/११/१६</td><td>२०३३३</td><td>४८९६.२५</td><td>८५०</td><td>२२०७९.२५</td></tr>
<tr><td>पशु सेवा केन्द्र काभ्रा</td><td>१८८/२०७९/११/३०</td><td>९८०१</td><td>२२७७.६७</td><td></td><td>१२०७८</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७९६५१</td><td>१९०६२.९२</td><td>१७००</td><td>१००४१३.९२</td></tr>
</table>
</td>
<td>२०७६२.९२</td>
</tr>
</table>

| | | |
|---|---|---|
| ३१ | गो.भौ.नं. ३८/२०८०/३/२१ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद १० मा तोकिएको ढाँचामा जिन्सी मालसामानहरु आम्दानी र खर्चको अभिलेख राख्नु पर्ने व्यवस्था छ। कार्यालयले कृषि तर्फ विवध खर्च बाट रु.३०,८५०/- को विभिन्न सामान खरिद गरी झरना कुमारी पुनलाई भुक्तानी गरेको छ। उक्त सामान लेखापरीक्षणको समयसम्म स्टोर दाखिला गरी आम्दानी जनाएको नपाइएको हुँदा आम्दानी बाधि नियमित गर्नुपर्ने रु. | ३०८५० |
| १६ | सवारी साधन मर्मत खर्चः- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउन रित पुर्याई विल भरपाई प्रमाणका आधारमा भुक्तानी दिई लेखाङ्कन गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष रु.२०,९९,६८७/- सवारी साधन मर्मत खर्च गरेको छ। लगत इस्टिमेट तयार, फेरिएका सामान फिर्ता दाखिला गरेको र मर्मत भएको सम्बन्धित कर्मचारी वा प्राविधिकबाट प्रमाणित गराएको पाईएन। मर्मत आवेदन फाराम म.ले.प. फा.४१४ स्वीकृत गरी र मर्मत अभिलेख खाता राखि खर्च नलेखाले अनियमित रु | २०९९६८७ |

| | |
|---|---|
| अनियमित भएको | २७,५९,२६६ |

२०.४

| **सैदान्तिक व्यहोरा** | | |
|---|---|---|
| ४६ | **घर जग्गाको लगत किताबः-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद १० नियम १०२ मा प्रतेक सरकारी कार्यालयले आफ्नो नाममा रहेको घरजग्गाको लगत तोकिएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले घरजग्गाको लगत म.ले.प.फा.नं. ४१७ को ढाँचामा नराखेकोले अचल सम्पती एकिन हुन सकेन। | |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

**कार्यालय र स्थान : त्रिवेणी गाउँपालिका, सल्यान , त्रिवेणी गाउँपालिका , सल्यान**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खुम बहादुर केसी | २०८०-५-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | राम बहादुर वुढा | २०७९-५-२६ | |
| लेखा प्रमुख | सन्तोष सापकोटा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,२३९,७३२ | २९,९१५,४८६ | ३,३४२,३१८ | ० | ० | १,८०९,४६५ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३७,३०७,००१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १४१,८८४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३७,१६५,११७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४०४९०९१६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७१२९४१७० | **चालु खर्च** | २४६४३४६०७ |

| | | | |
|---|---|---|---|
| **प्रदेश सरकारबाट अनुदान** | २२३९३२५६ | **पूँजीगत खर्च** | ९२०२२७५९ |
| **राजश्व बाँडफाँट** | ६२६७२६९४ | **वित्तीय/अन्य व्यवस्था** | १०११३०१०५ |
| **आन्तरिक आय** | ६८८११४९.० | | |
| **अन्य आय** | ९५४४७९२५ | | |
| **कुल आय** | ४५८६८९१९४ | **कुल खर्च** | ४३९५८७४७१ |
| **बाँकी मौज्दात** | | ५९५९२६३९ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | वजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४५,४७,८४,६२९.३० | ३६,१३,०१,३७७.७१ | २४,८४,७५०.०० | ३६,३७,८६,१२७.७१ | ३८,७०,३९,२२९.२६ | | ३८,७०,३९,२२९.२६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४५,२६,०५,९४५.३० | ३५,४३,७५,०७४.२१ | ० | ३५,४३,७५,०७४.२१ | ३७,९४,७०,४३८.७६ | ० | ३७,९४,७०,४३८.७६ |
| ११००० कर | ११ | ७,७९,५५,०००.०० | ६,३४,३६,५२२.६५ | ० | ६,३४,३६,५२२.६५ | ६,१३,०१,७६६.९१ | ० | ६,१३,०१,७६६.९१ |
| १३००० अनुदान | | ३३,६३,५९,०००.०० | २८,३९,०४,५७१.४० | ० | २८,३९,०४,५७१.४० | ३१,४५,५६,१०४.०० | ० | ३१,४५,५६,१०४.०० |
| संघीय सरकार | १२ | ३१,३४,४२,०००.०० | २६,१५,११,३१५.४० | ० | २६,१५,११,३१५.४० | २८,८५,५२,०००.०० | ० | २८,८५,५२,०००.०० |
| प्रदेश सरकार | १२ | २,२९,१७,०००.०० | २,२३,९३,२५६.०० | ० | २,२३,९३,२५६.०० | २,६०,०४,१०४.०० | ० | २,६०,०४,१०४.०० |
| १४००० अन्य राजस्व | | ६३,२०,०५८.०० | ७०,३३,९८०.१६ | ० | ७०,३३,९८०.१६ | ३६,१२,५६७.८५ | ० | ३६,१२,५६७.८५ |
| ३२००० वित्तीय सम्पत्ति | | ३,१९,७१,८८७.३० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २१,७८,६८४.०० | ६९,२६,३०३.५० | २४,८४,७५०.०० | ९४,११,०५३.५० | ७५,६८,७९०.५० | | ७५,६८,७९०.५० |
| वितरण गर्न बाकी राजस्व | | ० | ४३,९७,३४९.०० | ० | ४३,९७,३४९.०० | २९,२१,४१०.०० | ० | २९,२१,४१०.०० |
| कोषहरु | | २१,७८,६८४.०० | ६,८०,२९४.५० | २४,८४,७५०.०० | ३१,६५,०४४.५० | २०,२६,९०३.५० | ० | २०,२६,९०३.५० |
| धरौटी | | ० | १८,४८,६६०.०० | ० | १८,४८,६६०.०० | २६,२०,४७७.०० | ० | २६,२०,४७७.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४५,४७,८४,६२९.३० | ३३,९०,०८,३९३.३४ | ८,२८,२५०.०० | ३३,९८,३६,६४३.३४ | ३७,६१,०९,३९४.०० | | ३७,६१,०९,३९४.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४५,२६,०५,९४५.३० | ३३,८४,५७,३६६.३४ | | ३३,८४,५७,३६६.३४ | ३७,४२,८४,१६०.०० | | ३७,४२,८४,१६०.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १०,७३,८८,०००.०० | ९,६८,६६,१०९.३४ | ० | ९,६८,६६,१०९.३४ | ११,४४,९१,८४४.०० | ० | ११,४४,९१,८४४.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,७५,२९,५००.०० | १४,२७,१६,४०९.०० | ० | १४,२७,१६,४०९.०० | १२,६५,२३,०९७.०० | ० | १२,६५,२३,०९७.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५५,७१,०००.०० | ४९,४९,८०९.०० | ० | ४९,४९,८०९.०० | ७७,९७,८९१.०० | ० | ७७,९७,८९१.०० |
| २८००० अन्य खर्च | १८ | ३०,००,०००.०० | १९,०२,२८०.०० | ० | १९,०२,२८०.०० | २७,५९,६१७.०० | ० | २७,५९,६१७.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,९१,१७,४४५.३० | ९,२०,२२,७५९.०० | ० | ९,२०,२२,७५९.०० | १२,२७,११,७११.०० | ० | १२,२७,११,७११.०० |
| घ. अन्य भूक्तानी | | २१,७८,६८४.०० | ५,५१,०२७.०० | ८,२८,२५०.०० | १३,७९,२७७.०० | ३७,६१,०९,३९४.०० | | ३७,६१,०९,३९४.०० |
| कोषहरु | | २१,७८,६८४.०० | ० | ८,२८,२५०.०० | ८,२८,२५०.०० | ११,१६,६६९.०० | ० | ११,१६,६६९.०० |
| धरौटी | | ० | ६,७४,८४८.०० | ० | ६,७४,८४८.०० | ७,०८,५६५.०० | ० | ७,०८,५६५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,२३,८२१.००) | | (१,२३,८२१.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | २,२२,९२,९८४.३७ | १६,५६,५००.०० | २,३९,४९,४८४.३७ | १,०९,२९,८३५.२६ | | १,०९,२९,८३५.२६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,४४,४९,०१६.३४ | | ६,४४,४९,०१६.३४ | ५,५७,८९,७९६.५८ | | ५,५७,८९,७९६.५८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ८,६७,४२,०००.७१ | १६,५६,५००.०० | ८,८३,९८,५००.७१ | ६,६७,१९,६३१.८४ | | ६,६७,१९,६३१.८४ |
| बैंक तथा नगद बाकी | २४ | | ८,६०,३२,२०६.२१ | | ८,६०,३२,२०६.२१ | ६,७२,३०,४८३.८४ | | ६,७२,३०,४८३.८४ |